# २. अनिवार्य नेपाली (२०१)

**Exam 2066**

समय: ३ घण्टा | पूर्णाङ्क: १०० | उत्तीर्णाङ्क: ३५

१. कुनै एक प्रश्नको उत्तर दिनुहोस्: ५

(क) रेखाङ्कित शब्दहरूबाट अन्त्यमा सोधेअनुसारका एकएक शब्द छानेर लेख्नुहोस् :

एउटा कविले जतिसुकै कविता रचे पनि उसको कवित्वको धित मर्दैन । त्यस्तै एउटा लेखकले जतिओटा किताब लेखे पनि, गायकले जतिसुकै गीत गाए पनि, रङ्गकर्मीले नाटकमा जति भूमिका खेले पनि, निर्माताले जतिसुकै सिनेमा निर्माण गरे पनि अनि एउटा चित्रकारले जतिसुकै चित्र कोरे पनि उनीहरूको मन सन्तुष्ट हुँदैन ।

अ. लेख्य र उच्चार्य रूप एकै हुने

आ. लेख्य र उच्चार्य रूप बेग्लै हुने

इ. द्वित्व उच्चारण हुने

ई. अजन्त उच्चारण हुने

उ. हलन्त उच्चारण हुने

(ख) तलका शब्दको अक्षर संरचना र संङ्ख्या समेत देखाउनुहोस्:

ओखलढुङ्गा, अक्षय, ग्यास, पन्ध्र, अनीश्वरवादी

२. तलको अनुच्छेदलाई शुद्ध गरी सार्नुहोस् : ५

राष्ट्र भाषाका पुस्तक प्रकासनमा साभा प्रकाशनको सबभन्दा महत्वपूर्ण योगदान रहेको छ । यस सम्स्थालाई नेपाली भाषा प्रकाशिनी समितिको प्रतिनिधी भन्न सकिन्छ । तर व्यापारिक संस्था भएको कारणले एसका प्रकाशनमा नाफा नोक्सानको प्रष्न उभिनु स्वाभाविक हुनाले तत्काल फाइदा नहुने उच्चइस्तरीय पुस्तक प्रकाशन हुने स्थिति छैन ।

३. रेखाङ्कित शब्दको शब्दवर्ग छुट्याउनुहोस् : ५

हामीले व्यक्तिगत, दलगत र पेसागत हकहितका बारेमा धेरै कुरा गरिसक्यौं । अब एकचोटि राष्ट्रिय हितका बारेमा पनि सोचौं । सीमित स्रोतबाट असीमित माग पुरा गर्नुपर्ने हाम्रो देशमा के यस्तो कुनै निर्णय छ जुन सर्वपक्षीय र विवादरहित हुन सक्छ ?

Question Bank Nepal

४. तलका शब्दको निर्माण प्रक्रिया देखाउनुहोस्: ५

अध्यादेश, लावारिस, थमौती, दर्शनीय, वक्तव्य, तवल्ची, सौन्दर्य, आधुनिक, जोतारो, खाना ।

५. तृतीय पुरुष सर्वनामको षष्ठी विभक्तिका सबै लिङ्गका एक वचनका रूप लेखी तिनलाई वाक्यमा प्रयोग गर्नुहोस् । ५

६. वाक्य तत्वहरूको उचित सङ्गति मिलाई कम्तीमा पाँचओटा अभ्यस्त पक्षका वाक्य पर्ने गरी जम्मा दश वाक्यमा कुनै घटनाको वर्णन गर्नुहोस् । ५

७. तलका गद्यांशका वाक्यहरूलाई आवश्यक परिवर्तन गरी अज्ञात पक्षमा बाक्यान्तरण गर्नुहोस्: ५

विधवाले गोरेलाई मधेसमा गएर गर्ने कामबारे सोधिन् । गोरेले आफूलाई थाहा नभएको बतायो । विधवाले उसबाट घरबार गर्ने मन भए नभएको जान्न चाहिन् । गोरेले आफूसँग त्यसका लागि पैसा नभएको जनायो । विधवाले मधेसमा खेती पर्ने जग्गा सित्तैं पाइने कुरा भनिन् । गोरेले विधवाको कुरा सुनेर अनुहार उज्यालो पाऱ्यो । गोरेको उज्यालो अनुहार देख्दा विधवा पनि मख्ख परिन् ।

८. तलका वाक्यहरूलाई दुईओटा जटिल वाक्यमा संश्लेषण गर्नुहोस्: ५

भक्तहरू भगवान्को भक्ति गर्दछन् । भक्तहरू भगवान् बाहेक अरूलाई मान्दैनन् । भक्तको भक्तिले भगवान् खुसी हुन्छन् । भगवान् खुसी हुँदा भक्तको मनमा शान्ति छाउँछ । भगवान् आनन्दित हुन्छन् । भक्त झन्झन् भक्ति गर्छन् । भगवान् बारम्बार भक्तलाई साथ दिन्छन् ।

९. तलको गद्यांश राम्ररी पढी त्यसपछि सोधिएका प्रश्नका बैकल्पिक उत्तरहरूमध्ये उपयुक्त उत्तर आफ्नो उत्तर पुस्तिकामा सार्नुहोस्: १.५×६=९

"हामीले कर्म गर्दछौं त्यसबाट जुन फल निस्कन्छ सो हेरेर हामीले फेरि कर्म सच्याउनुपर्छ । नयाँ कर्मफल फेरि हेरेर अर्को कर्मको सुधार गर्दै जानुपर्छ ।" यसो भन्नुभन्दा नियमित आकस्मिकताले आफ्नो समझअनुसार सुधार गर्दै जान्छ भन्नु साँचोको नजिक पुग्दछ । तर, परिणाम हेरेर कर्म सच्याउनुलाई एक व्यक्तिको जिन्दगी ज्यादै छोटो हुन्छ फेरि भविष्यबारे कसैले ठोकुवा गर्न सक्दैन । भविष्य सबैका निम्ति आनुमानिक छ । मनुष्यमा पनि सबै एकनासका हुँदैनन् । कोही अत्यन्त बुद्धिमान्, विचारशील र भविष्यका बारेमा पनि सोचविचार गर्ने हुन्छन् भने कतिपय त्यस्ता हुँदैनन् । तसर्थ, नियमित आकसिमकताको भर पर्नु नै उपयुक्त हुन्छ र यसमा नै प्रकृति, सम्पूर्ण प्राणीजगत् र मानवका व्यवहार तथा क्रियाकलाप पनि निर्भर छन् । भूगर्भशास्त्र, भूकम्पशास्त्र, ज्योतिषशास्त्र, शरीरविज्ञान, वैद्यशास्त्र आदिमा पुराणमा वर्णित दिव्यदृष्टिवालाको समयमा भन्दा के अहिले विशेष ज्ञान प्राप्त हुँदै गएको छैन र ? के यी विषयमा अगाडिका हजारौं भ्रम देखिएका छैनन् ? शास्त्र र विज्ञानमा केही न केही भ्रम छ तर दर्शन भ्रमरहित छन् ।

दर्शनशास्त्र के हो ? एउटाले देखेको अरूलाई देखाउने कुरा । हामीले जगत् देखिरहेछौं । आँखाले निरीक्षण गरिरहेछौं । आँखाले पलक मार्दै फेरि हेर्दै गरिरहन्छौं । हामी हेरेर विज्ञान र देखेर दर्शनशास्त्र बनाउँछौं । प्रत्यक्षलाई हेरिन्छ । प्रत्यक्षको सहायताले मन मस्तिष्कको सहयोगले अप्रत्यक्षलाई अन्तश्चक्षुले देखिन्छ । यो देखेको कुरा दर्शन हो । त्यो अर्कोलाई देखाउने काम दर्शनशास्त्रले गर्छ । परन्तु दर्शनशास्त्र फैलेको पनि हजारौं वर्ष भइसक्यो । आजसम्म कुन मान्छे यति प्रभावशाली जन्म्यो जसले 'भावपरिवर्त शास्त्र' बनाएर मनुष्यमात्रको स्वभावबाट कर्मफलअनुसार दुर्भावनाको बीज हटाउन सक्यो । 'सर्वे भवन्तु सुखिन:' यो भावना लिने र 'सर्वे सन्तु निरामया:' भन्नेहरूले न सबैलाई सुखी पार्न सके नत रोगव्याधि हटाउन नै सके । तसर्थ, यस्ता आदर्शवाणीले भन्दा नियमित आकस्मिकताले मानव विचार, व्यवहार क्रमश: सच्चिँदै गएको छ भन्नु उचित हुन्छ ।

प्रश्नहरू:

अ. कर्म सुधार गर्नुभन्दा नियमित आकस्मिकतामा भर पर्नु किन सत्यको नजिक हुन्छ ?

क. यस कर्मको फल यही हो भन्ने ठम्याउन नसकिने भएकाले

ख. कर्मको परिणाम हेरेर कर्म सुधार गर्दा थप कर्म गर्न नसकिने भएकाले

ग. नियमित आकस्मिकताले संसारका यावत् कुरा सच्चिँदै आएकाले

घ. कर्म र कर्मफलबाट भ्रमपूर्ण भएकाले

Question Bank Nepal

आ. दोस्रो अनुच्छेदको मुख्य आशय के हो ?

क. दर्शनशास्त्रले मानवका समस्या हल गर्न सकेन ।

ख. दर्शनशास्त्रले मानवलाई आदर्शता सिकायो व्यवहार सिकाएन ।

ग. नियमित आकस्मिकताले अन्यको तुलनामा मानवका विचार र व्यवहार सच्चिँदै गए ।

घ. नियमित आकस्मिकताले दर्शनलाई नै सच्याइ दियो ।

इ. 'हामी कर्म गर्दछौं त्यसबाट जुन फल निस्कन्छ सो हेरेर हामीले कर्म सच्याउनुपर्छ ।' यस वाक्यमा 'सो' को अर्थ के हो ?

क. कर्म | ख. कर्म गर्ने व्यक्ति

ग. कर्मको फल वा परिणाम | घ. कर्म र कर्मफल दुबै

ई. पहिलो अनुच्छेदको संरचना वा सङ्गठन कस्तो छ ?

क. व्याख्या र उदाहरणात्मक | ख. तार्किक

ग. कार्यकारणात्मक | घ. तुलनात्मक

उ. मान्छेले आफ्नो भविष्यबारे ठोकुवा गर्न किन नसकेको होला ?

क. भविष्य अज्ञात भएकाले ।

ख. मान्छे आफ्नो भविष्यबारे चिन्तित नहुने भएकाले ।

ग. भविष्यबारे ठोकुवा गर्न चाहिने सामग्री मान्छेले नपाएकाले ।

घ. भविष्य सबैका निम्ति आनुमानिक भएकाले ।

ऊ निम्नलिखित शब्द र पदावलीको सन्दर्भगत अर्थ प्रस्ट्याउनुहोस् :

अन्तश्चक्षु, दिव्यदृष्टिवाला, आदर्श वाणी

१० तलको अनुच्छेद राम्ररी पढेर त्यहाँको मूल भाव वा विचार समेटिने ६ ओटा बुँदा टिपोट गरी तिनै बुँदामा आधारमा एक तृतीयांशमा सङ्क्षेपीकरण गर्नुहोस्:- ३+३=६

अति कलात्मक चाँगुनारायण मन्दिर विश्वसम्पदा सूचीमा रहेको छ। यस मन्दिरको अगाडि राजा मानदेवले स्थापित गरेको गरुडध्वज छ। त्यहाँ नै शिलालेखहरू पनि कुँदिएका छन्। नेपालमा पाइएको पहिलो आधिकारिक शिलालेख नै मानदेवले चाँगुनारायणमा स्थापना गरेको शिलालेख हो। यो मन्दिर भक्तपुर सहरको उत्तरमा एउटा डाँडामाथि रहेको छ। वि.सं. ३२३ मा राजा हरिदत्तले यो मन्दिर बनाएका थिए। त्यहाँ वि.सं. ५२१ को राजा मानदेवको अभिलेख पनि छ। चाँगुनारायणको प्राङ्गणमा थुप्रै लिच्छवि अभिलेख र मूर्तिहरू छन्। तर हालको मन्दिर भने कान्तिपुरका राजा भाष्कर मल्लका पालामा जीर्णोद्वार गरिएको हो। यो मन्दिर नेपाली छाने शैलीको छ। नेपाली छाने शैलीलाई पगोडा शैली भनिन्छ। यसका छाना अड्याउन टुँडालहरू राखिएका छन्। ती टुँडालमा शिव, विष्णु र अन्य देवदेवीका मूर्ति कुँदिएका छन्। यसको छानाको टुप्पोमा कमलमाथि धातुको कलात्मक गजुर छ। मन्दिरको अगाडि आँगनमा शङ्ख, चक्र, गदा र पद्मका अग्ला स्तम्भहरू छन्। यसको मूल द्वार अगाडि ढुङ्गाको मानव आकारको गरुडको मूर्ति पनि छ। यो मन्दिर मध्यकालको वास्तुकलाको उत्कृष्ट नमुना हो

११. कुनै एक प्रश्नको उत्तर दिनुहोस्: ५

क. कुनै पनि माग पूरा गर्ने उद्देश्य राखी सधैं यातायात बन्द गर्ने कार्यले आम जनतालाई परेको कठिनाइको उल्लेख गर्दै यस्ता माग पूरा गर्ने अन्य कुनै उपाय र सुझाव सहित कुनै लोकप्रिय दैनिक पत्रिकामा प्रकाशनका निम्ति सम्पादकलाई चिठी लेख्नुहोस् ।

ख. आउँदो शैक्षिक सत्रदेखि तपाईं आफैंले पढ्दै गरेको कलेजमा स्नातक तहमा थप तीन विषय र स्नातकोत्तर तहमा नयाँ विषयहरू (पत्रकारिता र जनसङ्ख्या शिक्षा) पठनपाठन हुने व्यहोरा खुलाइ भर्नाका निम्ति आह्वान गरिएको आकर्षक विज्ञापन तयार गर्नुहोस् ।

१२. कुनै एक शीर्षकमा ३०० शब्दसम्मको निबन्ध लेख्नुहोस्: १०

क. शान्ति र विकास | ख. नेपालको प्राकृतिक सौन्दर्य

ग. लोकतन्त्र र नागरिक कर्तव्य

Question Bank Nepal

१३. आफू पढ्ने क्याम्पसको चमेना गृह (क्यान्टिन) सुधारका निम्ति तपाईंकै अध्यक्षतामा गठित 'चमेना गृह सुधार समिति'का तर्फबाट क्याम्पस प्रमुखलाई बुझाउने प्रतिवेदन तयार गर्नुहोस् । १०

१४. कुनै दुई प्रश्नको छोटो उत्तर दिनुहोस् : २×५=१०

क. 'यात्री' कविताको मूलभाव के-कस्तो छ ?

ख. 'हिडम्बा नगरीदेखि जुँगेदरबारसम्म' निबन्धले के-कस्तो विषयवस्तु प्रस्तुत गरेको छ ?

ग. 'पछ्वरिया टोल' कथामा के-कस्तो परिवेश चित्रण छ ?

१५. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : १०

क. 'समानान्तर आकाश' उपन्यासको परिवेश चित्रण गर्नुहोस् ।

ख. 'समानान्तर आकाश' उपन्यासमा पाइने नारीवादी दृष्टिकोणको चर्चा गर्नुहोस् ।

## Exam 2067

समय: ३ घण्टा पूर्णाङ्क: १००

१. तलको अनुच्छेदलाई मानक नेपाली उच्चारणअनुसार पुनर्लेखन गर्नुहोस् । ५

हामी एक्काइसौं शताब्दीको सङ्घारमा उभिएका छौं । आउँदो नयाँ शताब्दी द्रुततर आर्थिक विकासको, प्रजातन्त्र, मानव अधिकारको विस्तारको, महिला सशक्तिकरणको, पिछडिएका जाति र समुदायका उत्थानको युग हुने छ ।

अथवा

माथिको अनुच्छेदबाट भिन्न-भिन्न अक्षर सङ्ख्या र संरचना भएका पाँच शब्द छनौट गरी तिनको अक्षर संरचना देखाउनुहोस् ।

२. तलको अनुच्छेद स्नातक तहको पाठ्यक्रममा निर्दिष्ट वर्णविन्यास अनुरूप शुद्ध गरी पुनर्लेखन गर्नुहोस् । ५

शिषुको गुंनासो प्रष्टै थियो । रहि रहि उ चित्त दुखाउँथ्यो । पहिले सुक्कसुक्क अनि क्रमंश: बहुतै ठीट लाग्दो सोरमा ऊ रून थाल्यो । मैले के गरें ? मैले के बिगारें ? कुन अपराध, कुन बिगार ? टाउकोमा किन दुखाएको ? के गरें ?

३. तलको अनुच्छेदमा रेखाङ्कित शब्दको वाक्यात्मक भूमिका पहिचान गरी तिनको शब्दवर्ग छुट्याउनुहोस् ५

भद्र महिला आफ्नो भकारी शरीरका कारणले आफूलाई टड्कारो गराउन नसकेर ज्यादै मुरमुरिन थाल्छिन् । उनको मन ध्वाँसिन्छ । उनी खिचडी पाके झैं पाक्छिन् । निराशा र क्षोभले उनको अनुहार कसरी बिग्रन्छ भने उनै कुनै मानिसको मासुमै बाँचेकी राक्षसी झैं लाग्छिन् ।

४. तलको अनुच्छेदबाट भिन्न-भिन्न रचना प्रक्रिया भएका दस शब्द छनौट गरी तिनको निर्माण प्रक्रिया देखाउनुहोस् । ५

नव चेतनावादी धारा सं. २०२० को दशकको प्रारम्भ मै आधुनिक नेपाली कथा परम्परामा प्रतिष्ठापित भएको हो । यस दशकमा परम्परा विरोधी साहित्यिक आन्दोलनहरू मच्चिए, जसको आग्रह थियो-नयाँ परम्पराको स्थापनाद्वारा नेपाली कथा साहित्यको कायापलट गर्ने ।

५. 'लड्' धातुका सम्भावनार्थका द्वितीय पुरुषका विभिन्न आदरका एकवचन र बहुवचनका रूपलाई वाक्यमा प्रयोग गर्नुहोस् । ५

६. तलको अनुच्छेदलाई पूर्ण भूतकालमा परिवर्तन गरी पुनर्लेखन गर्नुहोस् ५

आस्था अविनाश सित धेरै धेरै लहसिएकी छे । ऊ मलाई भन्दा बाबुलाई पछ्याउँथी । आमा बाबु बीचको सम्बन्ध विच्छेदबारे उसले चाल पाएकी छे । यसले उसको बालहृदयमा चोट पुगेको छ । सायद उसलाई बाबुको कमी साह्रै खट्किएको छ ।

७. अपूर्ण वर्तमान कालका क्रियापदहरूको प्रयोग गरी पाँच वाक्यमा आजको परिस्थितिको वर्णन गर्नुहोस् । ५

८. तलका वाक्यहरूलाई तीनओटा जटिल वा संयुक्त वाक्यमा संश्लेषण गर्नुहोस् । ५

आजकल बुढाको घरमा बास छैन । काम न काज गाउँको झैंझमेलामा फसिरहन्छन् । उनी रात-बिरात आउँछन् । घरमा झगडा गर्दछन् । जे कुरामा पनि विष वमन गर्न थाल्छन् ।

Question Bank Nepal

१. तलको गद्यांश राम्ररी पढी त्यसको अन्त्यमा सोधिएका वैकल्पिक उत्तरहरूमध्ये उपयुक्त उत्तर पहिचान गरी लेख्नुहोस् । ६ १.५=९

सत्रौं शताब्दीका एक महान् फकिर एक महान् कवि थिए । जापानी साहित्य र जापानको आध्यात्मिक इतिहासमा उनको नाम धेरै सम्मानसित लिइन्छ । ती सन्तको नाम हो मात्सुई वाशो । उनको एक कविता, हाइकु विशिष्ट रूपले प्रशंसित छ- जापानी साहित्यमा । साना तीन पङ्क्तिको त्यो कविताको महनीयताको मुख्य कारण त्यसको आध्यात्मिक पक्ष हो । हेर्दा अति छोटो-सबै हाइकु तीन पङ्क्ति सत्रह सिलेबलका हुन्छन्, तर गम्भीर हुन्छन् । फुरुइक्केवा, कावाजु तोविकामु, मिजिनो ओटो । (द फ्रग जम्प्स् इन्टु द पोण्ड, एक साउन्ड अफ वाटर) अर्थात् भ्यागुतो तलाउमा उफ्र्यो, पानीको आवाज । कवि गहन ध्यानमा छन् र ध्यानमा नै त्यो कविता प्रस्फुटित हुन्छ । वास्तवमा कवि आफ्नै आध्यात्मिक उचाइमा पुगिसकेपछिको अनाहत नाद, अनस्ट्रक साउण्ड, साउण्ड अफ साइलेन्स थियो त्यो । अथवा त्यो भ्यागुताको उफ्राइ वाशोको आफ्नै ज्ञानप्राप्तिको घडी थियो, द सुप्रिम मोमेन्ट अफ इनलाइटेनमेन्ट । आन्तरिक जगत्को बाहिरी प्रतीक थिए त्यो झीलको शान्ति र क्षणिक तरङ्गहरू । हामीले राम्रोसित मनन गर्न सक्यौं भने सिकन्दर, सिजर र नेपोलियनको विश्व-रङ्गमञ्चमाथिको उछलकुद र वाशोको त्यो भ्यागुताको उछलकुदमा तात्विक भेद केही देखिँदैन । वाशो एक सिद्धपुरुष थिए, एक बुद्ध थिए । उनका लागि बाह्य गर्जनतर्जनको केही अर्थ हुँदैन । त्यसैले त सिकन्दर महान्ले भने होलान्-'म संसारको सर्वाधिक शक्तिशाली सम्राट, संसार मेरो नाम सुनेर थर्किन्छ । तर यो नग्न फकिर डायोजनिस जोसित लँगौटी पनि छैन मजस्तो सम्राट्लाई तृणवत् तुच्छ मान्दछ । म डायोजनिसको ईर्ष्या गर्दछु । यदि मेरो अर्को जन्म हुन्छ भने म सिकन्दर नभएर डायोजनिस भएर जन्मन चाहन्छु ..... ।' डायोजनिस र वाशोको दृष्टिमा त्यो दौडधूप, ती राजनैतिक विजय-पराजय, महत्वाकाङ्क्षाका उतार-चढावहरू, ती ध्वनि र ती तरङ्गहरूको केही अर्थ छैन । त्यहाँ मृगमरिचिका मात्र छ ।

भ्यागुताहरू सबै ताल, सरोवरहरूभित्र नाच्छन्, गाउँछन् । तर धेरै लामो समय ध्यानमा बिताउँछन् । प्रेमीहरू पनि एक प्रकारको प्रारम्भिक ध्यानका झिल्काहरू पाउँछन् । तर ती झिल्काहरू क्षणभङ्गुर हुन्छन् । ठग व्यापारी, घुस्याहा कर्मचारी र घुस्याहा राजनीतिज्ञहरू ध्यानबाट धेरै टाढा हुन्छन्, तुच्छ महत्वाकाङ्क्षाको खेलमा बढी अल्झिएका हुन्छन् । सिर्जनशील कलाकारहरू साहित्य, सङ्गीत र कलाको साधनामा एकाग्रता वा ध्यानको तुलनात्मक रूपले बढी स्थायी अनुभूति पाउँछन् ।

प्रश्नहरू

अ. सिकन्दरको उछलकुद र भ्यागुताको उछलकुदमा के समानता पाइन्छ ?
क. सिकन्दर र भ्यागुताले आ-आफ्नो सामर्थ्य अनुरूप उछलकुद गरेका छन् ।
ख. सिकन्दर र भ्यागुतोले परिवेशको शान्ति विथोलेका छन् ।
ग. सिकन्दर र भ्यागुतो दुबैको उछलकुद मृगमरिचिका मात्र हो ।
घ. सिकन्दर र भ्यागुतो दुबैको महत्वाकाङ्क्षा उस्तै छ ।

आ. दोस्रो अनुच्छेदको मुख्य आशय के हो ?
क. सिकन्दर शक्तिशाली सम्राट थिए ।
ख. राजनैतिक विजय-पराजय क्षणभङ्गु हुन्छन् ।
ग. डायोजनिस ठूला दार्शनिक थिए ।
घ. सिकन्दर तुच्छ मान्छे हुन् ।

इ पहिलो अनुच्छेदको संरचना वा सङ्गठन कस्तो छ ?
क. तार्किक ख. व्याख्यात्मक
ग. तुलनात्मक घ. आख्यात्मक

ई. दोस्रो अनुच्छेदको अन्तिम वाक्यमा आएको 'त्यहाँ' सम्बद्धकले कुन अर्थ प्रदान गर्दछ ?
क. वासोको दार्शनिक चिन्तनमा ख. राजनैतिक विजय-पराजय
ग. डायोजनिकसको चिन्तनमा घ. सिकन्दर र डायोजनिसको भेटघाटमा

उ. ध्यानको स्थायी प्रभाव कहाँ पाइएला ?
क. प्रेमीहरूको एकाग्रतामा ख. कलाकारहरूको कला साधनामा

Question Bank Nepal

ग. दार्शनिकहरूको चिन्तनमा  घ. भ्यागुतोको छलाङमा

ङ. निम्नलिखित वाक्य सरल, संयुक्त वा जटिल कुन प्रकृतिका हुन् ? लेख्नुहोस् ।

क. बाशो एक सिद्ध पुरुष थिए, एक बुद्ध थिए ।

ख. यदि मेरो अर्को जन्म हुन्छ भने म सिकन्दर नभएर डायोजनिस भएर जन्मन चाहन्छु ।

ग. भ्यागुताहरू सबै ताल सरोवरभित्र नाच्छन् , गाउँछन् ।

१०. निम्नलिखित अनुच्छेदबाट ६ बुँदा टिपोट गरी तिनै बुँदाहरूका आधारमा सङ्क्षेपीकरण लेख्नुहोस् । ३+३=६

सभ्यता पूर्ण तब हुन्छ जब यसका भौतिक र आध्यात्मिक दुवै पक्षमा सन्तुलन कायम हुन्छ । यसको आध्यात्मिक पक्ष हो चिन्तन । यसले मानवलाई केवल वर्तमानमा मात्र नअल्भी सम्पूर्ण सृष्टिको भूत र भविष्यबारे ज्ञान उपार्जन गर्दै सन्तोषको जीवन बिताउन सहायता गर्छ । हाम्रा ऋषिमुनिहरू संसार त्यागेर भौतिक आरामलाई लातमारी जङ्गलमा कुटी बनाएर बस्थे । यसरी जीवनमा शान्ति पाइने उनीहरूलाई विश्वास थियो । यस विश्वासमै अझै पनि केही महापुरुषहरू बाँचेका छन् । तर आधुनिक युगमा भौतिक सभ्यतालाई महत्व दिने नै धेरै छन् । यो गल्ती हो । यस पिंजरामा मैना राख्न अथवा यस शरीरमा प्राण भर्न वा आध्यात्मिक चिन्तन चाहिन्छ नै । नभए हामीले नै उभ्याएको वैज्ञानिक आविष्कारले भस्मासुर पल्टेर हामीलाई नै खरानी पार्न सक्छ । निष्कर्ष के निस्कन्छ भने हामीले केवल आध्यात्मिक तथा भौतिकको डम्फु नबजाई दुवैमा सन्तुलन राख्न सकेमा हाम्रो मानवजाति इतिहासबाट लुप्त हुनेछैन ।

११. कुनै एक प्रश्नको उत्तर दिनुहोस् । ५

(क) क्याम्पसमा प्रथम वर्षमा भर्ना भएका विद्यार्थीहरूको स्वागतका निम्ति पुराना विद्यार्थीहरूद्वारा स्वागत कार्यक्रम आयोजना गर्न पाउँ भनी क्याम्पस प्रमुखलाई निवेदन लेख्नुहोस् ।

(ख) धूम्रपान र मद्यपानजस्ता जनस्वास्थ्यमा हानि पुऱ्याउने वस्तुको प्रयोग घटाउनका निम्ति सरकारले प्रसारित गर्ने जनचेतनामूलक विज्ञापनको नमुना बनाउनुहोस् ।

१२. कुनै एक शीर्षकमा ३०० शब्दसम्मको निबन्ध लेख्नुहोस् । १०

(क) मेरो देश : मेरो सर्वस्व

(ख) नेपालमा जलस्रोतको विकासको सम्भावना

(ग) समावेशी प्रजातन्त्रको आधारहरू

१३. क्याम्पसको पुस्तकालयमा विषयगत पुस्तक सङ्ख्या कसरी बढाउने भन्ने विषयमा राय सुझाव दिनका निम्ति गठन गरिएको समितिको संयोजकको तर्फबाट क्याम्पस प्रमुखलाई बुझाउने ३०० शब्दसम्मको प्रतिवेदन लेख्नुहोस् ।

१४. कुनै दुई प्रश्नको छोटो उत्तर दिनुहोस् । २×५=१०

(क) 'पागल' कवितामा 'निर्लज्ज नेतृत्वको नीरस रसनाको रन्डीको नाच हेर, जन अधिकारको डँडाल्नोको भाँच हेर' भन्ने पङ्क्तिले तत्कालीन सामाजिक परिस्थितिको कस्तो चित्र प्रस्तुत गरेका छन् ?

(ख) 'टाउको' निबन्धको प्रमुख व्यङ्ग्य के हो ?

(ग) 'त्यो फेरि फर्कला' कथामा ओछ्यानमा पल्टेकी सानीले यात्रीका बारेमा के कस्ता तर्कना गरेकी छ ?

१५. कुनै एक प्रश्नको उत्तर दिनुहोस् । १०

(क) 'पुराणको हराएको पाना' एकाङ्कीमा चरित्रहरूको विकास कसरी देखाइएको छ ?

(ख) 'इथ्यूमा कोरिएको प्रेमपत्र' नाटकमा मानवीय संवेदनलाई कुन रूपमा प्रस्तुत गरिएको छ ?

Question Bank Nepal

## Exam 2068

समय: ३ घण्टा पूर्णाङ्क: १००

१. तलको अनुच्छेदलाई मानक नेपाली उच्चारणअनुसार पुनर्लेखन गर्नुहोस्: ५

पर्यटकीय तथा जैविक विविधताका दृष्टिले महत्वपूर्ण मानिएको उक्त ताल संरक्षणका लागि सम्बन्धित निकायले समयमा चासो नदेखाए तालको अस्तित्व नै समाप्त हुन सक्छ।

अथवा

माथिको अनुच्छेदबाट भिन्न भिन्न अक्षर संरचना र भिन्न भिन्न अक्षर सङ्ख्या भएका पाँच शब्द टिपी तिनको अक्षर संरचना र सङ्ख्या देखाउनुहोस्।

२. तलको अनुच्छेदलाई पाठ्यक्रममा निर्दिष्ट वर्ण विन्यासअनुसार पुनर्लेखन गर्नुहोस्। ५

सुक्लाफाँटा आरक्षको बिस्तारित छेत्रभित्र पर्ने उक्त तालबाट मध्येवर्ति छेत्रका बासीन्दाले माछा मारने जथाभाबि माटो निकाल्ने र तालमा शंरक्षीत जलचरहरूलाई मार्ने गरे पछी ताल्को अश्तीत्व लोप हुन थालेको छ।

३. तलको अनुच्छेदमा रेखाङ्कित शब्दहरूको पदवर्ग छुट्याउनुहोस्: ५

खासगरी, खाद्यवस्तु तथा तरकारीको घट्दो मूल्यका कारण महङ्गी दर घटेको हो। तर, जनवरीमा घटेको महङ्गी बजार अपेक्षा अनुसार नै रहे तापनि अझै पनि त्यो केन्द्रीय बैङ्कको लक्ष्यभन्दा कम नै छ।

४. तलको अनुच्छेदबाट भिन्न भिन्न रचना प्रक्रिया भएका दस शब्द छनौट गरी तिनको रचना प्रक्रिया देखाउनुहोस्: ५

नेपालको सार्वभौमिकता र अखण्डतालाई जोगाइ राख्नका निमित्त हाम्रा पुर्खाले देखाएको बाटो भुल्न सकिँदैन। बिहानको प्रभाती किरणले धर्तीलाई उज्यालो पारे जस्तै पूर्वीय जीवन दर्शनको नैतिक एवम् आदर्श विचारधाराले मानवलाई सच्चरित्रवान् बनाउन उत्प्रेरित गरेको छ। भिन्न भिन्न जाति आ-आफ्ना रीतिरिवाजहरू फरक फरक भए पनि हामी आदर्शबाट अनुप्राणित छौँ।

५. 'खसाउ' धातुका अज्ञात भूत पक्षका द्वितीय पुरुषका सबै रूपहरूलाई वाक्यमा प्रयोग गर्नुहोस्। ५

६. तलका अनुच्छेदलाई पूर्ण भूतकालमा परिवर्तन गरी पुनर्लेखन गर्नुहोस्: ५

राधेश्याम चितवनमा बस्थे। उनी एक दिन आफ्नो साथी श्यामलाई भेट्न देवघाट गए र दुई दिन उहीँ बसे। उनीहरूले सँगै घुमफिर गरे। तीन दिनपछि राधेश्याम साथीलाई लिएर काठमाडौँ लागे।

७. अभ्यस्त भूतकालमा वाक्यहरूको प्रयोग गरी आफ्नो बाल्यकालको कुनै विषयलाई समेटेर एक अनुच्छेद लेख्नुहोस्। ५

८. तलका वाक्यलाई दुईओटा जटिल (संयुक्त वा मिश्र) वाक्यमा संश्लेषण गर्नुहोस्:

यी सबै एक एक प्रकारका भलादमी हुन्, यी चित्त शुद्धिभन्दा शरीर शुद्धिको विचार राख्ने पुजारी हुन्। यी भावभन्दा शब्द याद गर्ने पाठक हुन्। यी मानिसको हितभन्दा आफ्नो नामको ध्यान राख्ने सुधारक हुन्। यी मासु खाएर सहभावको कविता लेख्ने कवि हुन्। यी अर्काको लेखमा हँस्सी उडाएर र कलम सुनाउने पाठक हुन्।

९. तलको गद्यांश पढी अन्त्यमा सोधिएका प्रश्नहरूको वैकल्पिक उत्तरहरूमध्ये सर्वोत्तम उत्तर पहिचान गरी लेख्नुहोस्। ३×१.५=९

'आधुनिक समाजको रूग्णताको उपचार मानिसको हृदय तथा मस्तिष्कमा आध्यात्मिक क्रान्ति ल्याएर मात्र गर्न सकिन्छ। सामाजिक विकृतिहरूलाई सङ्गठनात्मक परिवर्तनहरूद्वारा निराकरण गर्न सकिन्छ। निराकरणका यस्ता प्रयासहरू सतही मात्र सिद्ध हुन्छन्। यस्तो प्रयासले या सम्पूर्ण सङ्गठनलाई नै अस्वीकार गर्दछन् या त एक प्रकारको सङ्गठनका सट्टामा अर्को प्रकारको सङ्गठन स्थापित गर्दछन्। खास प्रभावकारी उपचार आध्यात्मिक उपचार नै हुन सक्छ। प्रत्येक सामाजिक सङ्गठन वा संस्था कुनै न कुनै दर्शन वा धर्ममा आधारित हुन्छ र जुन वैचारिक आधारमा प्रत्येक सङ्गठन स्थापित भएको हुन्छ त्यो विचार जति असल वा खराब हुन्छ त्यसै अनुरूप नै त्यो सङ्गठन वा संस्था पनि त्यतिकै असल वा खराब हुन्छ।

Question Bank Nepal

मानव जातिलाई एउटा नयाँ आध्यात्मिक आधार आवश्यक छ। हाम्रो वर्तमान सामाजिक रोगको उपचार गर्न अपेक्षित आधार जति खेर भेट्टाउन सकियो त्यसै वखत त्यही नयाँ र बढी असल आध्यात्मिक जगमा मात्रै एउटा नयाँ र बढी सन्तोषप्रद समाजको स्वरूपको निर्माण गर्न सकिनेछ।

प्रश्नहरू

अ. सामाजिक विकृत्तिको निराकरण कसरी हुन्छ ?
  क. आध्यात्मिक तथा भौतिक क्रान्ति ल्याएर
  ख. मानिसको मन र मस्तिष्कमा आध्यात्मिक क्रान्ति ल्याएर
  ग. सामाजिक संरचनामा आमूल परिवर्तन गरेर
  घ. समाजको रूग्णताको उपचार गरेर।

आ. सामाजिक सङ्गठन वा संस्थाको विशेषता के हो ?
  क. कुनै न कुनै दर्शन वा धर्ममा आधारित हुनु
  ख. आध्यात्मिक उपचार गर्नु
  ग. वैचारिक आधारअनुसार असल वा खराब हुनु
  घ. अर्को सङ्गठनलाई स्थापित गर्न सक्नु।

इ. दोस्रो अनुच्छेदको आशय हो
  क. वर्तमानको सामाजिक रोगको निराकरण गर्नै पर्छ
  ख. रोगको निराकरणका लागि सामाजिक आधार खोज्नै पर्छ
  ग. सन्तोषप्रद समाजको निर्माणका लागि नयाँ आध्यात्मिक आधार खोज्नै पर्छ
  घ. स्वस्थ समाज र आध्यात्मिक आधार एक अर्काका पूरक हुन्

ई. पहिलो अनुच्छेदको पहिलो वाक्यको 'मात्र' शब्दले कुन कुरा बुझाएको छ ?
  क. हृदय तथा मस्तिष्कमा आध्यात्मिक क्रान्तिको अपेक्षा
  ख. आध्यात्मिक क्रान्तिको अनिवार्यता
  ग. आधुनिक समाजको रूग्णता निराकरणको उपाय
  घ. 'रूग्णता' र क्रान्तिको विपरीत स्थिति

उ. यस अनुच्छेदको संरचना र सङ्गठन कस्तो छ ?
  क. तार्किक  ख. उदाहरणमुखी
  ग. विवेचनात्मक  घ. तुलनात्मक

ऊ. यस गद्यांशपछिको अनुच्छेदमा आउने विषयवस्तु के हुन सक्छ ?
  क. आधुनिक समाजको रूग्ण अवस्था
  ख. सामाजिक रोगको उपचारको नयाँ आध्यात्मिक आधार
  ग. सामाजिक सङ्गठन र संस्थाका खराबीहरू
  घ. सामाजिक क्रान्तिका उदाहरणहरू

१०. तलको अनुच्छेदबाट ६ ओटा बुँदा टिपोट गरी ती बुँदाका आधारमा एक तृतीयांशमा सङ्क्षेपीकरण गर्नुहोस्। ३+३=६

आदिम मनुष्य बोल्न जान्दैनथे। पुरा पाषणयुगीन मानिसहरूका चित्र पाइएका छन् तर उनीहरूले बोलचाल गरेको र अक्षर लेखेको लक्षण पाइएको छैन। पहिले ती सानसानैले कुरा गर्दा हुन्। सान भाषा स्वर भाषभन्दा सार्वभौम छ। आर्यहरू, हब्सीहरू चिनियाँहरू ',ना, नरग खा, हो, होइन' इत्यादिमा सान भाषा प्राय: एकै रितले गर्दछन् तर स्वरभाषा भने तिनका बीचमा महाद्वीप जत्रै अन्तर छ। पहिले पहिले ती भिन्न सुरले रागात्मक कराइमा अनुकरणात्मक शब्दद्वारा भाग प्रकट गर्दा हुन्।

११. लोडसेडिडका कारणबाट विद्यार्थी वर्गले भोग्नु परेको समस्या दर्साई सम्बन्धित निकायमा ध्यानाकर्षण गराउने उद्देश्यले तयार पारिने 'सम्पादकलाई चिठी' को नमुना प्रस्तुत गर्नुहोस्।

अथवा ५

बिग्रेका पाइप र ढलको मर्मत गर्नुपर्ने कारणबाट एक हप्तासम्म खानेपानीको आपूर्ति बन्द हुने विषयमा काठमाडौं खानेपानी लिमिटेडले जारी गर्ने सूचनाको नमुना प्रस्तुत गर्नुहोस्।

१२. आफ्नो क्याम्पसमा नवागन्तुक विद्यार्थीहरूको स्वागतमा स्वतन्त्र विद्यार्थी युनियनबाट सम्पन्न भएको स्वागत कार्यक्रमलाई समेटी तयार गरिने प्रतिवेदनको नमुना प्रस्तुत गर्नुहोस् । १०

१३. कुनै एक शीर्षकमा ३०० शब्दसम्मको निबन्ध लेख्नुहोस् : १०

क. मेरो देश: मेरो भविष्य

ख. नेपालको विकासमा जलसम्पदाको भूमिका

ग. प्रतिभा पलायन: एक विकराल समस्या

१४. कुनै दुई प्रश्नको सङ्क्षिप्त उत्तर दिनुहोस् : २५=१०

क. 'पागल' कवितामा के कस्तो सामाजिक असङ्गतिलाई देखाइएको छ ?

ख. 'परालको आगो' कथाले के कस्तो पारिबारिक द्वन्द्व र मेललाई प्रस्तुत गरेको छ ?

ग. 'मेरो यात्रा टुकुचादेखि वष्णुमतीसम्म' निबन्धमा आदर्श र यथार्थको के कस्तो दुरी पाइन्छ ?

१५. 'इथरमा कोरिएको प्रेमपत्र' नाटकमा के कस्तो मानवतावादी दृष्टिकोण पाइन्छ?

अथवा १०

'पुराणमा हराएको पाना' एकाङ्कीमा मातृत्वको मर्मलाई कुन रूपमा प्रस्तुत गरिएको छ ?

## Exam 2069

समय: ३ घण्टा पूर्णाङ्क: १००

१. तलको अनुच्छेदलाई मानक नेपाली उच्चारण अनुसार पुनर्लेखन गर्नुहोस्:

पन्छीहरूको अस्वाभाविक मृत्यु भएको थाहा पाएमा सम्बद्ध निकायमा खबर गर्न पर्ने सन्देशलाई सरकारले सामान्य नेपाली जनता समक्ष पुऱ्याउन सक्नुपर्दछ ।

अथवा ५

माथिको अनुच्छेदबाट भिन्न भिन्न अक्षर संरचना र भिन्न भिन्न अक्षर सङ्ख्या भएका पाँच शब्द टिपी तिनको अक्षर संरचना र सङ्ख्या देखाउनुहोस् ।

२. तलको अनुच्छेदलाई पाठ्यक्रममा निर्दिष्ट वर्ण विन्यासअनुसार पुर्नलेखन गर्नुहोस् । ५

सभ्यता पुर्ण तव हुन्छ जब येसमा भौतीक र आध्यात्मी दुबै पछेमा सन्तुलन कायेम हुन्छ । यसको एक पक्षे हो चिन्तन । यसले मानबलाई, केबल् वर्तमानमा नअल्झि कन सृष्टीको भुत र भविश्यबारे ग्यान् उपार्जन गर्न मदत पुऱ्याउँछ ।

३. तलको अनुच्छेदमा रेखाङ्कित शब्दहरूको पदवर्ग छुट्याउनुहोस्: ५

जहाँ धुवाँ देखिन्छ त्यहाँ आगो हुन्छ । हामी धुवाँ विनाको मात्र आगोको कहिल्यै कल्पना गर्न सक्दैनौं । यो कुरा केटाकेटीहरूलाई पनि थाहा हुन्छ ।

४. तलको अनुच्छेदबाट भिन्न भिन्न रचना प्रक्रिया भएका दस शब्द छनौट गरी तिनको रचना प्रक्रिया देखाउनुहोस्: ५

नेपालमा अग्ला अग्ला टाकुराहरू छन्, हिमशृङ्खलाहरू छन्, तालतलैया, नदीनाला र विशालतम फाँटहरू छन् । नेपाल प्राकृतिक रूपमा रमणीय तथा अनुपम छ । तराईको उब्जाउ भूमि, हिमाली र पहाडी क्षेत्रका विविध वनस्पति, जडीबुटी र जीवजन्तु हाम्रा अमूल्य निधि हुन् ।

५. 'रू' धातुका सम्भावनार्थ द्वितीय पुरुषका सबै रूपहरूलाई वाक्यमा प्रयोग गर्नुहोस् ५

६. तलका अनुच्छेदलाई इच्छार्थक भावमा रूपान्तर गरी पुनर्लेखन गर्नुहोस्: ५

भाइ राम्ररी पढ्छ । पढाइसँगै कम्प्युटर पनि सिक्छ । खेलकुदमा पनि राम्रो ध्यान दिन्छ । म आफू टाढा भएकाले बुबा आमा र अरू भाइहरूको पनि राम्रो हेरचाह गर्छ । ऊ धेरै पैसा खर्च गर्दैन । निकै किफायती बन्ने प्रयास पनि गर्छ । उसको भविष्य सुन्दर बनाउन म पनि पुरै कोसिस गर्छु ।

७. पूर्ण भूतकालीन वाक्यहरूको प्रयोग गरी गत सालको दशैं मनाउँदा भएका रोमाञ्चक क्षणको वर्णन गर्दै एक अनुच्छेद लेख्नुहोस् । ५

Question Bank Nepal

८. तलका वाक्यहरूलाई दुईओटा जटिल (संयुक्त वा मिश्र) वाकयमा संश्लेषण गर्नुहोस्: ५

हिमाली सौन्दर्यले पर्यटन व्यवसाय बढेको छ। यसबाट वैदेशिक मुद्राको आम्दानी पनि भएको छ। तर अव्यवस्थित पर्यटनले प्राकृतिक स्रोतको ह्रास भएको छ। प्लाष्टिक तथा सिसाहरू फालिएको छ। सिलिन्डरहरू फालिएका छन्। हिमाली क्षेत्र प्रदूषित हुँदैछ भन्ने कुरा सिद्ध हुँदै जाँदैमकछ। यसको निराकरण गर्नै पर्छ।

९. तल दिइएको अनुच्छेद पढी अन्त्यमा सोधिएका प्रश्नहरूको वैकल्पिक उत्तरहरूमध्ये सर्वोत्तम उत्तर पहिचान गरी लेख्नुहोस्। १.५×६=९

निश्चय नै मानवीय सभ्यताको उदय र विश्वव्यापी प्रसारभन्दा अघि घटित भएका विनाश लीलाहरू प्रकृतिद्वारा गराइएका हुन्। मानव जातिले विनाशकारी विपत्तिका घटनाले खडा गरेको सन्त्राशको प्रतिरोध गर्दै क्रमशः ती विनाशकारी विपत्तिपूर्ण घटनाहरूमाथि विजय प्राप्त गर्दै आयो। यस्ता सन्त्राशप्रतिको मानवीय प्रतिरोधको फलस्वरूप इन्जिनियरिङ परियोजनाहरू, विनाशकारी घटना प्रतिरोधी कार्यक्रम र मौसम विज्ञान विकसित भए। स्वास्थ्य विज्ञान र चिकित्साशास्त्रको विकास केही हदसम्म प्लेग भनिने सङ्क्रामक रोगको सामना गर्ने अति जरुरी आवश्यकताको फलस्वरूप भएको हो जसले एक ताका विश्वलाई नै विध्वस्त गरेको थियो। वास्तवमा अधिकांश आधुनिक विज्ञान विनाशकारी विपत्तिका घटनाहरूसँगको लडाइँबाट विकसित भएका छन्।

तर आज प्राकृतिक नभई मानवकृत विनाशकारी विपत्हरूले नै मानव जातिको अस्तित्वलाई पूर्णतः रोकि दिने सन्त्राश र खतराको अनुभव गराइ रहेका छन्। विज्ञानको तीव्र प्रयोग मार्फत मानिसले विनाशकारी विपत्हरूबाट बच्ने क्रममा प्रकृतिको भन्दा धेरै ठूलो शक्ति विकसित गरेको छ।

प्रश्नहरू

अ. आदिम कालमा भएका विनाश लीलाको कारक कसलाई मान्न सकिन्छ ?
   क. मानव जातिलाई
   ख. विश्वव्यापी प्रसारलाई
   ग. प्रकृतिलाई
   घ. सभ्यताको विकासलाई

आ. आधुनिक विज्ञानको विकास कसरी भएको हो ?
   क. विपत्तिका घटनाहरूसित जुध्ने क्रममा
   ख. इन्जिनियरिङ परियोजनाहरूको विकासका क्रममा
   ग. विनाशकारी घटनाको प्रतिफलका रूपमा
   घ. मौसम विज्ञानको विकासका रूपमा

इ. पहिलो अनुच्छेदको संरचना र सङ्गठन कस्तो छ ?
   क. विश्लेषणात्मक
   ख. संवादात्मक
   ग. कथात्मक
   घ. कालक्रमिक

ई. दोस्रो अनुच्छेदको निचोड हो ?
   क. प्रकृति र मानिस दुबै नै मानव विपत्तिका कारक हुन्
   ख. प्रकृतिका विपत्हरूलाई मानवले नियन्त्रण गरेको छ
   ग. आफ्नो अस्तित्व रक्षाको क्रममा मानव शक्ति सम्पन्न बन्दै गएको छ
   घ. मानिसले प्रकृतिलाई जितेको छ

उ. दोस्रो अनुच्छेदको पहिलो वाक्यको 'तर' को सन्दर्भ केसित जोडिएको छ ?
   क. मानवबाट भएका विनाशकारी विपद्सँग
   ख. प्रकृतिबाट भएका विपद्सँग
   ग. मानिसले आर्जन गरेको शक्तिसँग
   घ. प्लेग भनिने सङ्क्रामक रोगसँग

Question Bank Nepal

ऊ. यसपछि आउने अनुच्छेदको विषयवस्तु के हुन सक्छ ?

क. आदिम कालमा भएको विनाशका घटनाहरूको समीक्षा

ख. मध्यकालीन युगका प्रनाकृतिक विपत्‌हरू

ग. मानिसबाट भएका विनाशकारी विपत्‌हरू

घ. विनाशबाट बच्ने क्रममा मानिसले आर्जन गरेका बृहत् शक्तिहरू

१०. तलको अनुच्छेदबाट ६ ओटा बुँदा टिपोट गरी ती बुँदाका आधारमा एक तृतीयांशमा सङ्क्षेपीकरण गर्नुहोस् । ३+३=६

सिमेन्ट ग्राउटिङ गरिएका बाँधबाट हुने पानीको चुहावट जगबाट कुहिएका चट्टानहरू झिकेर रोक्न सकिन्छ । बालुवा, रोडा जस्ता खुकुला किसिमका निर्माण सामग्रीबाट बाँधको निर्माण गरिएको छ भने पानीको चुहावट बढी हुन्छ । यस्तो पानीलाई बाँधको पछिल्तिर निकास कुलोमा जम्मा गरी अन्यत्र पठाउन सकिन्छ । बाँधको टाकुरा र जगसम्मको उचाइलाई बाँधको उचाइ भनिन्छ अनि टाकुरादेखि सम्भावित उच्चतम जल सतहसम्मको उचाइलाई 'फ्रिबोर्ड' भनिन्छ । बाढीको बेलामा वा धेरै हावा चलेको बेलामा पानीले बाँधको शीर्षबाट बगेर बाँधलाई नोक्सान पुऱ्याउन सक्छ ।

११. पेट्रोलियम पदार्थको अभावका कारणबाट विद्यार्थी वर्गमा पर्न गएको असुविधामाथि जोड दिँदै सम्बन्धित निकायलाई ध्यानाकर्षण गराउने उद्देश्यले तयार गरिने 'सम्पदाकलाई चिठी'को नमुना प्रस्तुत गर्नुहोस् ।

अथवा ५

नयाँ खुलेको कुनै शैक्षिक संस्थाको कार्यक्रममाथि प्रकाश पार्ने उद्देश्यबाट तयार गरिने प्रचारात्मक विज्ञापनको नमुना प्रस्तुत गर्नुहोस् ।

१२. आफूले गरेको कुनै ऐतिहासिक तथा पुरातात्विक स्थलको शैक्षिक भ्रमणलाई समेटेर तयार पारिने प्रतिवेदनको नमुना प्रस्तुत गर्नुहोस् । १०

१३. कुनै एक शीर्षकमा ३०० शब्दसम्मको निबन्ध लेख्नुहोस्: १०

क. विद्यार्थी जीवन: त्याग र तपस्याको जीवन

ख. नेपालको आर्थिक विकासमा पर्यटन उद्योगको भूमिका

ग. शैक्षिक क्षेत्रमा अनुशासन

१४. कुनै दुई प्रश्नको सङ्क्षिप्त उत्तर दिनुहोस्: २x५=१०

क. 'आमाको सपना' कवितामा परिवर्तनलाई कुन रूपमा प्रस्तुत गरिएको छ ?

ख. 'टाउको' निबन्धमा के कस्तो सामाजिक व्यङ्ग्य पाइन्छ ?

ग. 'त्यो फेरि फर्केला' ? कथामा सानीको के कस्तो मनोदशालाई देखाइएको छ ?

१५. 'समानान्तर आकाश' उपन्यासमा के कस्तो युग चेतना पाइन्छ ?

अथवा १०

'समानान्तर आकाश' उपन्यासमा नारीहरूको के कस्तो समस्यालाई देखाइएको छ ?

## Exam 2070

Full Marks: 100

Time: 3 hrs.

१. तल दिइएको अनुच्छेदमा प्रयुक्त रेखाङ्कित पदहरू शुद्ध गरी लेख्नुहोस्: ५

कुनै पनि व्यक्तिको क्षमताको <u>मुल्याङ्कन</u> गर्ने मुख्य आधार विद्यालय वा <u>महाविद्यालएमा</u> उसले गरेको उपलब्धि मात्र हुन सक्दैन । सबै <u>मेधाबि</u> विद्यार्थीहरू <u>वास्तविक</u> जीवनमा सृजशील बन्न नसकेर पछाडि परेको र विद्यालयमा रहँदा प्रतिभा देखाउन नसकेका र जीवनको <u>मध्यवस्थामा</u> वा <u>उत्तरार्दतिर</u> पुगेर पनि समाजका <u>विशिष्ट</u> र सक्षम सदस्य बन्न पुगेका व्यक्तित्वहरूको पनि कमी छैन । साथै हिजोआज यस्तो पनि देखिएको छ कि विद्यालयमा सिकेको ज्ञान केही <u>समयपछिनै</u> <u>सम्भबत</u> <u>अनुपयोगिसमेत</u> हुन पुगेको उदाहरण पनि रहेका छन् ।

Question Bank Nepal

अथवा

तलको अनुच्छेदमा रेखाङ्कित पदहरूको अक्षर सङ्ख्या छुट्याउनुहोस्:

कुनै पनि टेलिभिजनका निम्ति सूचना वा समाचार सङ्कलन लेखन तथा सम्पादन तथा कार्यक्रम उत्पादन गरी सम्प्रेषण गर्ने तौरतरिकालाई टेलिभिजन पत्रकारिता भनिन्छ । टेलिभिजन श्रव्यदृश्य सञ्चार साधन हो । यसबाट प्रसारित हुने सामग्री एकैपटक सुन्न र हेर्न सकिन्छ ।

२. कुनै दुई प्रश्नको उत्तर दिनुहोस् : २×५=१०

(क)(अ) तलको अनुच्छेदमा रेखाङ्कित शब्दहरूको शब्द स्रोत छुट्याउनुहोस्: ३

यो दुनियामा धन नभएर पनि रमाइलोसँग जिन्दगी बिताउनेहरूको सङ्ख्या कम छैन ।

पुराना अलबम पल्टाएर हेर्दा पनि गरिबीका दिनलाई बिर्सेर आजको प्राप्तिलाई अहम् भुमिका मान्नेहरू पनि कम छैनन् । मानिस आखिर मानिस नै हो । उसलाई एउटै रूपमा हेर्न जति कोशिस गरेपनि स्वभाव, विचार, कामको प्रकृति, जीवनशैली र धन सम्पत्तिले सबैलाई कित्ता कित्तामा छुट्याइ दिनएको छ । यो यथार्थ हो, फाल्तु तर्क होइन ।

(आ) तलको अनुच्छेदमा प्रयुक्त शब्दहरूको पदवर्ग छुट्याउनुहोस्: २

खासगरी शिक्षा क्षेत्रमा देखिएको घट्दो गुणस्तर राष्ट्रका सामु चुनौतिको विषय बनेर देखिएको छ । यस प्रकृतिको समस्यामा अभिभावकले पनि चासो दिनुपर्ने हो । तर त्यसतर्फ चासो राखेको महसुस गर्न पाइएको छैन ।

(ख) तलको अनुच्छेदको रेखाङ्कित शब्दहरूको बनोट प्रक्रिया देखाउनुहोस्: ।

असल राष्ट्रसेवक कर्मचारीले जनताको काम गर्दा, शिक्षकले विद्यार्थीलाई शिक्षा प्रदान गर्दा, उद्योगीले उद्योग गर्दा, सरकारले विकास कार्यक्रम उद्घोषण गर्दा, राजनेताले जनताप्रति उत्तरदायी भएर कर्तव्य पालना गर्दा, पारिवारिक जीवनमा घरको जेठो सदस्यले अभिभावकत्व ग्रहण गर्दा ज्ञानी तथा विनयशील व्यक्तिले शिष्टाचार देखाउदा कसैले पनि आश्चर्य चकित हुनु पर्दैन ।

(ग) प्रश्न नं. २ 'क' र 'ख' मा प्रयोग भएका निम्नलिखित पारिभाषिक शब्दहरूको सन्दर्भगत अर्थ खुल्ने गरी वाक्यमा परिवर्तन गर्नुहोस् ।

कित्ता, जीवनशैली, गुणस्तर, राष्ट्रसेवक, शिष्टाचार ।

३. कुनै दुई प्रश्नको उत्तर दिनुहोस्: २×५=१०

(क) विदेशमा पढ्न गएको भाइलाई होसियारी अपनाउने सल्लाह दिँदै आज्ञार्थक भावलाई समेटेरकम्तीमा पाँच वाक्यमा एउटा अनुच्छेद लेख्नुहोस् ।

(ख) पूर्णभूतकालिक क्रियाको प्रयोग गरी कक्षा १२ को नतिजा प्रकाशन हुंदा मनमा उठेको भावलाई समेटी कम्तीमा पाँच वाक्यमा एउटा अनुच्छेद लेख्नुहोस् ।

(ग) तलका वाक्यहरूलाई एउटै वाक्यमा संश्लेषण गर्नुहोस्:

बच्चाहरू चकचक गर्छन् । बच्चाहरू केही नयाँ वस्तु देखे भने किनिदिन जिद्दी गर्छन् । बच्चाहरू आफ्नो माग पूरा नभए कराउन थाल्छन् । बच्चाहरू रून थाल्छन् । बच्चाहरू अनियन्त्रित भएर भुइँमा लडीबुडी गर्छन् ।

४. तलको तालिकामा दिइएको तथ्याङ्कलाई अनुच्छेदमा रूपान्तर गर्नुहोस्: ५

| २०६८ को जम्मा जनसङ्ख्या २,६४,९४,५०५ | | |
|---|---|---|
| मातृभाषा | जनसङ्ख्या | प्रतिशत |
| नेपाली | १,१८,२६,९५३ | ४४.६३% |
| मैथिली | ३०,९२,५३० | ११।६७% |
| भोजपुरी | १५,८४,९५८ | ५.९८% |

Question Bank Nepal

| | | |
|---|---|---|
| थारु | १५,२९,८७५ | ५.७७% |
| तामाङ | १३,५३,३११ | ५.१०% |

अथवा

तलको अनुच्छेदमा दिइएका सूचाइहरूलाई स्तम्भचित्रमा रूपान्तर गर्नुहोस्:

रिपब्लिक कलेजमा २०६६ सालदेखि २०६९ सालको शैक्षिक सत्रमा बिभिन्न सङ्कायमा भर्ना भएका विद्यार्थीहरूको सङ्कायगत भर्ना सङ्ख्यालाई दृष्टिगत गर्दा २०६६ मा विज्ञान समूहमा ८३, वाणिज्य समूहमा ७८ र मानविकी समूहमा १०७ जना रहेको छ भने २०६७ मा विज्ञान समूहमा ९८, वाणिज्य समूहमा १०२ र मानविकी समूहमा ७६ जना रहेको देखिन्छ। यसैगरी २०६८ मा विज्ञान समूहमा ९०, वाणिज्य समूहमा १२५ र मानविकी समूहमा ८९ रहेको पाइएको छ भने २०६९ मा विज्ञान समूहमा ८३, वाणिज्य समूहमा १२० र मानविकी समूहमा ९२ जना रहेका छन्।

५. तल दिइएको अनुच्छेदमा रेखाङ्कित शब्दहरूले अनुच्छेदभित्रको संरचनामा के कस्तो व्याकरणिक संसक्ति सम्बन्ध निर्देशन गरेका छन्? स्पष्ट पार्नुहोस्: ५

दशैंको बिदा पारेर साथीहरू घुम्न जाने योजना बनाए। उनीहरूले एक हप्ताको कार्यक्रम तय गरेका थिए। त्यसैले उनीहरूले नेपाल भित्रै भ्रमण गर्ने निधो गरे। यसो गर्दा उनीहरूको खर्च पनि कटौती भयो। यसले स्वदेशी पर्यटनलाई पनि सहयोग पुग्यो।

अथवा

तलको अनुच्छेदका 'इच्छा' र 'अनौपचारिक' शब्दसँग आएका समानार्थक र विपरितार्थक एक एक शब्द दिई तिनले अनुच्छेदमा कसरी कोशीय संसक्ति सृजना गरेका छन्? स्पष्ट पार्नुहोस्।

विद्यार्थीमा रहेको प्रतिभाको कदर गरी उनीहरूको इच्छा र आवश्यकताअनुसार सिक्ने र सिकाउने प्रक्रिया अनौपचारिक शिक्षा हो। यस्तो शिक्षा विद्यालय वा क्याम्पसको औपचारिक संरचनाभन्दा बाह्य सञ्चालन हुन्छ। यस किसिमको शिक्षा सञ्चालन हुने स्थान, समय र अवधि लचिलो र समयानकूल हुन्छ। यसमा सहभागीहरूको रुचिलाई पनि ख्याल गरिन्छ।

६. तल दिइएको गद्यांश पढी गद्यांशको अन्त्यमा सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस्: १.५×५=७.५

शरीरमा लाग्ने रोगहरू कुनैलाई पनि सानो सम्झनु हुँदैन। सानो सम्झँदा बल्झेर त्यही रोग ठूलो हुन्छ। हिजोआज ठूला प्रकृतिका रोगहरू त सामान्य बनिसकेका छन्। यसको उदाहरणमा रक्तचाप र मधुमेहलाई लिन सक्छौं। रक्तचापबाट ग्रसित व्यक्तिहरूको सङ्ख्या ठूलो छ। यसपछि मधुमेह रोगीहरूको सङ्ख्या बढ्दो छ। यो रोगलाई मन्दविषको रूपमा लिइन्छ। मधुमेहले शरीरका अन्यभागहरूका साथै आँखाको दृष्टि पर्दा (रेटिना) का रक्त नशाहरूमा असर पुऱ्याइ दृष्टि कमजोर पार्नुका साथै व्यक्तिलाई अन्धोसमेत बनाउँछ। यसलाई डाइबेटिक रेटिनोपेथी भनिन्छ। रेटिना आँखाको भित्री भागमा रहेको दृष्टिका लागि अत्यन्तै महत्वपूर्ण स्नायुतन्तुले बनेको पारदर्शी झिल्ली हो। जसलाई नाङ्गो आँखाले देख्न सकिँदैन। मधुमेहले असर गर्दा शुरुमा रेटिनामा रक्तश्राव हुन्छ। चिल्लो पदार्थ जम्मा हुन्छ। समयमै उपचार नभए नयाँ नयाँ रक्त नशाको बृद्धिका साथै अत्यधिक रक्तश्राव हुने, पर्दा खुम्चने, उप्कने र जलबिन्दुको समस्या भई सधैंका लागि दृष्टि गुम्ने खतरा पनि त्यतिकै हुन्छ। शुरुको अवस्थामा बिरामीको कुनै पनि लक्षण देखिँदन, तर दृष्टि धमिलो हुँदा रेटिनामा धेरै असर तथा क्षति भइसकेको हुन्छ जसबाट दृष्टि बचाउन धेरै नै गाह्रो हुन्छ। डाइबेटिक रेटिनोपेथीको कारण मधुमेह भएको १५ वर्षको अवधिमा २ प्रतिशत मधुमेशका बिरामी दृष्टिविहीन हुने र १० प्रतिशत ज्यादै न्यून दृष्टि हुने गरेको देखिएको छ।

खासगरी रेटिनामा छिटो असर देखा पर्ने अन्य कारणहरूमा सानै उमेरमा देखा पर्ने मधुमेह, रगतमा ग्लुकोज़को मात्रा नियन्त्रणमा नहुनु, उच्च रक्तचाप, रगतमा चिल्लो पदार्थको अधिकता, मृगौलाको समस्या, धूम्रपान सेवन, मोटोपन, रक्तअल्पता र गर्भावस्था प्रमुख मानिन्छन्। मधुमेहका बिरामीका आँखामा देखा पर्ने अन्य समस्यामा आँखाको परेलामा पटक-पटक खटिरा (आनो) देखा पर्ने, दृष्टि तिरमिर हुने चश्माको पावर छिटो छिटो परिवर्तन हुने,

Question Bank Nepal

आँसुको कमी (सुख्खापन बढ्ने), आँखाको सङ्क्रमण बढी हुने, मोतीबिन्दु छिटो देखा पर्ने र जलबिन्दुको सम्भावना बढी हुन्छ । अतः यस रोगबाट बच्ने उपायमा चालिस वर्ष नाघेका र परिवारमा मधुमेह हुने व्यक्तिहरूले नियमित रगतमा ग्लुकोजको जाँच गराइ राख्नुपर्छ । प्रत्येक वर्ष कम्तीमा एक पटक आँखाको रेटिना परीक्षण गराउनु पर्छ । उच्च रक्तचाप, चिल्लोपनाको अधिकता, मृगौलामा असर भएका र धूम्रपान गर्ने व्यक्तिहरू तथा गर्भावस्थामा रेटिनामा असर धेरै देखा पर्ने हुँदा यस्ता व्यक्तिहरूले विशेष सावधानी अपनाउनु पर्छ ।

बोध प्रश्नहरू:

(क) किन कुनै पनि रोगलाई सानो सम्झनु हुँदैन ?

(ख) मधुमेह रोगबाट आँखासम्बन्धी के कस्ता समस्याहरू उत्पन्न हुन सक्छन् ?

(ग) 'रेटिना' के लाई भनिन्छ ?

(घ) ४० वर्ष नाघेका र परिवारमा मधुमेह भएका व्यक्तिले के कुराको नियमित जाँचमा ख्याल गर्नुपर्छ ?

(ङ) शरीरमा देखिने कुन प्रकृतिका लक्षणहरूले रेटिनामा धेरै हदसम्म असर पुऱ्याउँछ ।

७. तलको गद्यांश पढी गद्यांशको अन्त्यमा सोधिएका बहुवैकल्पिक प्रश्नहरूको सही उत्तरमा रेजा (√) चिह्न लगाउनुहोस् : १.५×५=७.५

मूल्य अभिवृद्धि कर वस्तु तथा सेवाको उपभोगमा लाग्ने अप्रत्यक्ष कर हो । कर योग्य वस्तुको उत्पादन, पैठारी तथा वितरणका तहमा लाग्ने करलाई मूल्य अभिवृद्धि कर भनिएको हो । यो कर उपभोक्ताको उपभोगबाट सङ्कलन गरिन्छ । वस्तु र सेवाको उत्पादन र पैठारीदेखि उपभोगसम्मको प्रत्येक श्रृङ्खलाको मूल्य भएको, अभिवृद्धिको चरणमा लाग्ने भएकाले यसले कर प्रणालीमा पारदर्शिता, कर सङ्कलन लागतमा न्यूनता र बजार मूल्यको नियममा पनि सहयोग पुऱ्याउँछ । दर्तावाल व्यक्तिले आफ्नो व्याववासयक खरिदमा तिरेको कर बिक्रीमा सङ्कलन गरेको करबाट कट्टा गरी बाँकी रहेको रकममात्र करका रूपमा दाखिला गर्नु पर्ने हुन्छ । मूल्य अभिवृद्धि कर प्रणालीमा करमाथि कर लाग्ने अवस्था रहँदैन । आयातमा सङ्कलन गरिने मूल्य अभिवृद्धि व्यवस्था भन्सार कार्यालयहरूबाट गरिन्छ । मूल्य अभिवृद्धि करअन्तर्गत ऐनले नै कर छुट हुने भनी तोकेका वस्तु वा सेवाबाहेक अन्य सबै वस्तु तथा सेवाको आयात, निर्यात र स्थानीय बिक्री कारोबारमा १३ प्रतिशतको दरले कर लगाइन्छ । अत्यावश्यक र बेलचकदार माग भएका आम उपभोग्य तथा सेवालाई यस कर प्रणालीबाट मुक्त गरिन्छ ।

मूल्य अभिवृद्धि कर ऐन २०५२ ले निर्यातमा कर शून्य दर कायम गरेको छ । ऐनको अनुसूची १ मा उल्लिखित वस्तु तथा सेवाहरूमा कर छूट हुन्छ भनेअनुसूची २ मा उल्लिखित वस्तु तथा सेवामा शून्य कर आकर्षित हुने व्यवस्था रहेको छ । यसको अतिरिक्त कारोबारको सीमा तोकिएकाले गर्दा साना व्यवसायीकहरूले मूल्य अभिवृद्धि कर प्रयोजनका लागि दर्ता गर्नु अनिवार्य हुँदैन ।

मूल्य अभिवृद्धि करको दर एकल वा बहुदर दुवै हुन सक्छ । कस्तो कारोबारलाई कुन दरले कर लगाउने भन्ने विषय राज्यको क्षेत्राधिकारमा पर्दछ । नेपालमा आयात गरिएको वस्तु र स्थानीय बिक्री कारोबारमा मानाङ्कको एकल दर कायम गरिएको छ, निकासी कारोबारमा शून्य दर कायम गरिएको छ । आवश्यकताअनुसार सालबसाल रूपमा आर्थिक ऐनमार्फत मूल्य अभिवृद्धि कर संशोधन गरी दर तथा अन्य व्यवस्थाहरू संशोधन गर्ने गरिएको छ । यसका अतिरिक्त आर्थिक ऐनले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले केही वस्तुहरूमा सङ्कलन गरेको मूल्य अभिवृद्धि करको निश्चित रकम फिर्ता गर्ने समेत गरेको छ । विगतमा चिनी, मोबाइल, वनस्पति घिउ, तेल तथा कपडामा दिइएका छूट तथा फिर्ता दिने व्यवस्थाले मूल्य अभिवृद्धि करको मानाङ्क दरमा विचलन आएको छ । व्यवसायको प्रकृतिर छिमेकी मुलुकको राजस्व तथा व्यापार नीतिले गर्दा व्यवसायीलाई प्रतिस्पर्धी बनाउन तथा स्वदेशी उद्योगको संरक्षणका लागि कुनै समयमा केही वस्तुका लागि यस्तो व्यवस्था कार्यान्वयनमा ल्याउने गरेको पाइन्छ ।

Question Bank Nepal

**बहुवैकल्पिक प्रश्नहरू**

i. मूल्य अभिवृद्धि कर के लाई भनिन्छ ?
(क) उत्पादन, पैठारी तथा वितरणका तहमा लाग्ने कर
(ख) व्यवसायीले व्यवसाय सञ्चालन गरे बापत लाग्ने कर
(ग) वस्तु खरिद गर्दावस्तुमा अङ्कित मूल्यभन्दा अतिरिक्त लिइने कर
(घ) वस्तु तथा सेवाको उपभोगमा लाग्ने प्रत्यक्ष कर

ii. कुन प्रकृतिको करमा दोहोरा कर लाग्दैन ?
(क) प्रत्यक्ष कर
(ख) आम्दानीमा लाग्ने कर
(ग) मूल्य अभिवृद्धि कर
(घ)सामान पैठारी गर्दा लाग्ने कर

iii. ऐनको अनुसूची १ मा करसम्बन्धी के कुरा उल्लेख गरिएको हुन्छ ?
(क) करसम्बन्धी सैद्धान्तिक र नीतिगत कुरा
(ख) कर प्रणालीको व्यावहारिक कार्यान्वयनका कुरा
(ग) कुन कुन वस्तु तथा सेवाहरूमा कर छूट गर्ने भन्ने कुरा
(घ) कुन कुन वस्तुहरूमा कर लिने भन्ने कुरा

iv. मानाङ्कको एकल दर मूल्य अभिवृद्धि कर कस्तो कारोबारमा लागू गरिएकोछ ?
(क) नेपालमा आयात गरिएको वस्तु र स्थानीय कारोबारमा
(ख) निकासी कारोबारमा
(ग) आयात तथा निर्यात कारोबारमा
(घ) आम उपभोक्ताले गर्ने उपभोग्य वस्तुको कारोबारमा

v. मूल्य अभिवृद्धि करको मानाङ्क दरमा के कस्तो अवस्थामा विचलन आउँछ ?
(क) निश्चित वस्तुहरूमा लाग्ने करको छूट तथा फिर्ता दिने व्यवस्था भएमा
(ख) व्यवसायीहरूले धेरैभन्दा धेरै कर तिर्नुपर्ने अवस्था रहेमा
(ग) स्वदेशी व्यवसायीहरूलाई विदेशी व्यवसायीहरूसँग प्रतिस्पर्धी बनाउने नीति निर्माण गर्नुपर्ने भएमा
(घ) वस्तुको मूल्य वृद्धि अस्वाभाविक रूपमा वृद्धि भएमा

८. प्रश्न नं. ६ को 'क' मा दिइएको पहिलो अनुच्छेदबाट मुख्य भावलाई समेटी पाँचओटा बुँदा टिपोट गर्नुहोस् ।

अथवा

प्रश्न नं. ६ को 'ख' मा दिइएको पहिलो अनुच्छेदलाई एक तृतीयांशमा सङ्क्षेपीकरण गर्नुहोस् ।

९. गरिबी निवारण कम गर्ने उपायका बारेमा १५० शब्दसम्मको एक अनुच्छेद लेख्नुहोस् ।

अथवा

तल दिइएको बुँदासारका आधारमा एउटा अनुच्छेद लेखी शीर्षकसमेत दिनुहोस्:
यातायातका साधनहरूमा प्रयोग हुने प्रेसर हर्नबाट निस्कने ध्वनि-पुराना प्रकृतिका सवारी साधनबाट उत्पन्न ध्वनि-निर्माण कार्यका क्रममा उत्पन्न ध्वनि-श्रव्य दृश्य सामग्रीमा प्रयोग हुने लाउड स्पिकरबाट उत्पन्न ध्वनि-औद्योगिक क्षेत्रमा प्रयोग भएका मेशिनहरूबाट उत्पन्न हुने ध्वनि- अनावश्यक दुष्प्रभाव-निद्राको समयमा ताव-सुनने क्षमतामा असर-मानसिक तथा शारीरिक कार्यक्षमतामा असर- सामाजिक क्रियाकलापमा असर- वातावरणमा असर - ध्वनि नियन्त्रणका लागि सम्बन्धित वर्ग, समुदाय र सर्वसाधारण नागरिकहरूका लागि सचेतना कार्यक्रम सञ्चालन ।

१०. आन्तरिक फोहोरमैला व्यवस्थापनका लागि गा.वि.स.का. तर्फबाट दिइने जनचेतनामूलक सूचनाको नमुना तयार पार्नुहोस् ।

अथवा ५

खेलकुद परिषद्का तर्फबाट नेपाली खेलाडीहरूले क्रिकेट खेलमा स्तरोन्नति गरेकोमा खुसी व्यक्ति गर्दै दिइने 'बधाई ज्ञापन' को नमुना तयार पार्नुहोस् ।

Question Bank Nepal

११. तल दिइएका शीर्षकहरूमध्ये कुनै एक शीर्षकमा ३०० शब्दसम्मको एउटा निबन्ध लेख्नुहोस्: ८

(क) लोडसेडिङ : समस्या र चुनौती
(ख) नेपालको बिकासमा पर्यटनको भूमिका
(ग) नेपाल: मेरो कर्मभूमि

१२. क्याम्पसले आयोजना गरेको शैक्षिक भ्रमणको उद्देश्यसँग केन्द्रित-कार्य सन्दर्भलाई समेटेर तयार पारिने प्रतिवेदनको नमुना लेख्नुहोस् । ७

१३. कुनै दुई प्रश्नको उत्तर दिनुहोस्: २×५=१०

अ. तल दिइएको सूचनामा आधारित भई एक अनुच्छेदमा शङ्कर लामिछानेको परिचय दिनुहोस् ।

| | | |
|---|---|---|
| जन्म | : | वि.सं.१९८४ चैत्र २५ गते |
| जन्मस्थान | : | काठमाडौंको जैसीदेवल |
| शिक्षा | : | आई.एस्सी. सम्म |
| सेवा | : | गुठी अड्डाको खरिदार (२००६), नेपाल भारत सांस्कृति केन्द्रका पुस्तकालयाध्यक्ष(२०१२), काव्य-प्रतिष्ठानका सदस्य सचिव (२०१३), जनसेवा चलचित्र भवनका प्रबन्धक (२०१७), क्युरियो पसलका मालिक (२०१८), घरेलु शिल्पकला बिक्री भण्डारका मुख्य प्रबन्धक (२०२१) र शङ्कर होटेल ट्राभल्स एंड टुर्सका अधिकृत (२०३०) |
| पुरस्कार | : | मदन पुरस्कार (वि.सं. २०२४) |
| कृति प्रकाशन | : | प्रथम प्रकाशित निबन्ध→हाम्रो समाजमा नारीको मूल्य (२००३), निबन्ध सङ्ग्रह: एब्स्ट्रयाक्ट चिन्तन प्याज (२०२४), गोधुलि संसार (२०२७), बिम्ब प्रतिबिम्ब (२०२८), शङ्कर लामिछाने (२०३३), र शङ्कर लामिछानेका निबन्ध (२०५९), कथासङ्ग्रह गौंथलीको गुंड (२०२५) । |
| मृत्यु | : | वि.सं. २०३२ माघ २४ गते |

आ. तल टिपोट गरिएका बुंदाका आधारमा निबन्धकार लक्ष्मीप्रसाद देवकोटाका प्रवृत्तिहरूलाई एक अनुच्छेदमा लेख्नुहोस् :

→ प्रथम आधुनिक निबन्धकार
→ नेपाली समाज, संस्कृति, भाषा, साहित्य, कला आदिलाई विषयवस्तु बनाए निबन्धको रचना
→ सचेत राष्ट्रवादी निबन्धकार
→ नेपाली प्रकृतिका सुन्दर पक्षको आत्मपरक वर्णन
→ युग सचेत र समाज सुधारक
→ मानवतावादी र प्रगतिवादी स्वर
→ विकृति र विसङ्गतिप्रति व्यङ्ग्य
→ कवितात्मक गद्य शैलीको प्रयोग

इ. धीरेनद्र प्रेमर्षिको 'आँसु लुकाई परेलीमा' गजलको मुख्य भावलाई एक अनुच्छेदमा लेख्नुहोस् ।

१४. 'चुली' उपन्यास पढिसकेपछि प्रयुक्त विषयवस्तुको सान्दर्भिकता बारेमा प्रतिक्रियात्मक अभिव्यक्ति दिनुहोस् । १०

अथवा

Question Bank Nepal

'सत्ताको खोजमा' एकाङ्कीमा अन्तर्निहित मूलभाव वा सन्देशको प्रभावकारिता माथि प्रकाश पार्नुहोस् ।

Full Marks: 100
Time: 3 hrs.

**New Course for Partial Students**

१. तलको अनुच्छेदको मानक नेपाली उच्चारण अनुसार पुनर्लेखन गर्नुहोस्:
जीवन र जगत्‌बारेका बहुप्रचलित दार्शनिक र राजनैतिक सिद्धान्तहरूले मलाई आकर्षिक गरेनन् । मेरो सबभन्दा ठूलो गुरु जीवनको यथार्थ हो, सम्भवतः सबैको हो ।

**अथवा** ५

माथिको अनुच्छेदबाट भिन्न भिन्न अक्षर संरचना भएका पाँच शब्द छनोट गरी तिनको अक्षर संरचना र सङ्ख्या देखाउनुहोस् ।

२. तलको अनुच्छेदलाई पाठ्यक्रममा निर्दिष्ट वर्णविन्यास अनुसार पुनर्लेखन गर्नुहोस् । ५
कोरा भावुकता अन्धो मान्छे हो, भड्खारोमा पर्न बेर मान्दैन । कोरा बुद्‌दीमत्त पंगू हो, बाटो देखेर पनि पथरा परीरहन्छ । बुद्धिमत्ताले डोरयाको भावुक्ता नै अग्रगामि हूनसक्छ ।

३. तलको अनुच्छेदमा रेखाङ्कित शब्दहरूको पदवर्ग छुट्याउनुहोस्: ५
<u>माथि</u> कोठामा उक्लँदै गर्दा टिभी कोठामा गुनगुन सुनियो । <u>आज</u> <u>त</u> शनिवार होइन <u>भन्ने</u> सम्झँदै <u>ढोका</u> धकेलें । <u>टिभीमा</u> <u>सिनेमा</u> आइरहेको थियो । <u>साना</u> नानीहरू <u>मग्न</u> भएर हेरिरहथे । <u>केही</u> नभनी ढोका ढप्काइ दिएँ र बाटो लागें ।

४. तलको अनुच्छेदबाट भिन्न भिन्न रचना प्रक्रिया भएका दश शब्द छनोट गरी तिनको रचना प्रक्रिया देखाउनुहोस् : ५
सबैले आफ्नो जीवनमा धेरथोर असल, उपकारी, सुखी, दामी, नामी, ठूलो, बलियो हुने लौकिक वा निर्वाण जस्ता पारलौकिक लक्ष्य प्राप्त गर्न चाहन्छन् । कसैले त्यसको सपनामा जुनी बिताउँछन्, कसैले विपनामा धेरथोर पाउँछन् ।

५. 'लम्क' धातुका अपूर्ण वर्तमान कालका तृतीय पुरुष एकवचनका रूहरूलाई वाक्यमा प्रयोग गर्नुहोस् । ५

६. तलको अनुच्छेदलाई अज्ञात भूतमा परिवर्तन गरी लेख्नुहोस् : ५
बिहेको करिब वर्षदिन पछि हाम्री मुमा जिजुमुमासँग काठमाडौं आएर बस्नुभएको थियो । यहांको चालचलनबाट मुमा धेरै प्रभावित हुनु भएको थियो । त्यतिखेर हाम्रो परिवारको खुब रवाफ थियो । बुबा भने एकपल्ट पनि काठमाडौं जानु भएको थिएन ।

७. सम्भावना अर्थको प्रयोग गरी नेपालको सुन्दर भविष्यको परिकल्पनालाई एक अनुच्छेदमा लेख्नुहोस् । ५

८. तलका वाक्यलाई बढीमा दुई जटिल (संयुक्त वा मिश्र) वाक्यमा संश्लेषण गर्नुहोस् । ५
आकाशमा बादल देखिएको छ । घरिघरि गड्याङगुड्ड पनि गर्दैछ । एकै छिनमा पानी पर्न सक्छ । ओतलाग्ने ठाउँ कतै देखिँदैन । म धेरै चिन्तित छु ।

९. तलको गद्यांश पढी अन्त्यमा सोधिएका प्रश्नका बैकल्पिक उत्तरहरूमध्ये सर्वोत्तम उत्तर पहिचान गरी लेख्नुहोस् । १.५×६=९
कृषि नेपालको समग्र आर्थिक प्रणालीको मेरूदण्ड हो । देशको कुल गार्हस्थ उत्पादनमा करिब ४० प्रतिशत कृषि क्षेत्रको योगदान रहेको छ । तसर्थ नेपालको समय बिकासको लागि कृषि बिकास अपरिहार्य छ । कृषिसँग सम्बन्धित सम्पूर्ण बोट-बिरुवा, पशुपन्छी, किराहरू, सूक्ष्म जीवाणुहरू र तिनीहरूका जात, प्रजातिबीचको भिन्नता र तिनीहरूबीचको संयोजन नै कृषि जैविक विविधता हो । नेपालमा तराईदेखि उच्च पहाडी वा हिमाली क्षेत्रसम्मको भिन्नता,

Question Bank Nepal

उष्णदेखि शीतोष्ण हावापानीमा हुन सक्ने खेतीबालीहरूको विविधता, हाम्रा परम्परादेखि चलिआएका जात तथा जनजातिहरूका खानपान, चाडपर्व, चालचलन, आदिको फरक, कृषकहरूमा शिक्षाको कमी, आर्थिक दुर्बलता, रूढीवाद, परम्परागत सघन कृषि प्रणाली आदिले गर्दा प्रशस्त कृषि जैविक विविधता पाइन्छ । कृषकले खेतबारीमा लगाउने बाली-नालीहरूको विविधतामात्र नभएर नेपालमा खेती गरिने बालीहरू तथा पालिने पशुपंक्षीका जङ्गली आफन्तहरू पनि पाइन्छन्, जसलाई जैविक विविधताका प्रमुख वंशाणुका स्रोतका रूपमा लिइन्छ । हाल चलनचल्तीमा भएका बढी उत्पादन दिने उन्नत जातहरू पनि यिनै जङ्गली जातहरूका वंशाणुहरूबाट बिकास गरिएका हुन् र यो सधैं चलिरहने प्रक्रिया हो । जति धेरैजैविक विविधता पाउन सकिन्छ, त्यसबाट त्यति नै महत्वपूर्ण, आनुवंशिक स्रोतहरू पाउन सकिन्छ । बालीनाली, पशुपंक्षी, आदिको बिकास तथा प्रजनन कार्यहरूमा प्राप्त आनुवंशिक स्रोतहरूको ज्यादै महत्व छ । प्रकृतिमा विद्यमान कृषि जैविक विविधताको उपयोगबाट नै वैज्ञानिकहरूले उन्नत जात तथा नश्लहरूको छनोट तथा बिकास गरिरहेका छन् । रोग, किरा, चिसो, सुख्खा आदि सहन सक्ने, बढी उत्पादन दिने, गुणस्तरयुक्त जात तथा वर्णसङ्करहरू यिनीहरूमा पाइने आनुवंशिक स्रोतहरूका राम्रा उदाहरण हुन् ।

**प्रश्नहरू:**

अ. जैनिक विविधता भनेको के हो ?
(क) कृषिजन्य बोट बिरुवाहरूमा पाइने भिन्नता
(ख) पशुपन्छी र चराचुरुङ्गीमा पाइने भिन्नता
(ग) सम्पूर्ण जीव जन्तु र वनस्पतिमा पाइने भिन्नता
(घ) भिन्न भिन्न जलवायुमा हुर्कने बोट बिरुवा

आ. जैविक विविधताको संरक्षण किन आवश्यक हुन्छ ?
(क) बढी उत्पादन दिने वंशाणुको बिकासका निम्ति
(ख) जङ्गली बोट बिरुवाको संरक्षणका निम्ति
(ग) महत्वपूर्ण आनुवंशिक स्रोत पत्ता लगाउनका निम्ति
(घ) उन्नत जात तथा नश्लको छनोट र बिकासका निम्ति

इ. यस गद्यांशको सङ्गठन र संरचना कस्तो छ ?
(क) तार्किक/कार्यकारणमूलक
(ख) विश्लेषणात्मक
(ग) तुलनात्मक
(घ) समाख्यानात्मक

ई. 'वर्ण शङ्कर' भनेको के हो ?
(क) कालो र सेतो रङ्गको मिश्रण
(ख) शङ्करबाट उत्पन्न वर्ण व्यवस्था
(ग) दुई भिन्न प्रजातिको मेलबाट उत्पन्न नयाँ प्रजाति
(घ) अक्षरहरूको मेल

उ. अन्तिम वाक्यमा प्रयुक्त 'यिनीहरूमा' पदले सङ्केत गरेको सन्दर्भपरक अर्थ के हो ?
(क) आनुवंशिक स्रोत
(ख) उन्नत जात तथा नश्ल
(ग) जैविक विविधता
(घ) नश्ल सुधारको प्रक्रिया



Question Bank Nepal

ऊ. यस गद्यांशपछि आउने गद्यांशको विषयवस्तु के हुन सक्छ ?

(क) नेपालमा पाइने जैविक विविधता

(ख) नेपालमा जैविक विविधता संरक्षणका प्रयन्त

(ग) नेपालमा विकसित उन्नत जातका बालीनाली

(घ) नेपालमा जैविक विविधताको बढ्दो विनाश

१०. तलको अनुच्छेदबाट ६ बुँदा टिपोट गरी तीनै बुँदामा आधारित रही संक्षेपीकरण गर्नुहोस् । ३+३=६

हाम्रो मन भावनाको भण्डार हो । यसमा अनगिन्ती संवेगात्मक भावहरू अनुभव, वासना एवम् संस्कारका रूपमा सँगालिएका हुन्छन् । यी भावहरू धेरैजसो सुषुप्त अवस्थामा रहेका हुन्छन् । यिनीहरूलाई विद्वानहरू स्थायी र अस्थायीको रूपमा विभाजन गर्दछन् । जुन भावहरू सबैजसो मान्छेमा स्थायी रूपमा मनलाई आबद्ध गरेर रहेका हुन्छन् ती स्थायी हुन्, जस्तै- प्रिती, उत्साह, भय, शोक, क्रोध आदि । आदम्बन र उद्दीपनजस्ता बाहिरी कारण या सामग्रीले यी स्थायी भावहरू सुषुप्त अवस्थाबाट बिउँझिएका हुन्छन् र मनमा एक किसिमको अपूर्व आनन्द सञ्चार गर्न सक्षम हुन्छन् । अर्को शब्दमा काव्य पढ्दा अथवा नाटक हेर्दा पाठक र दर्शकहरूलाई एक किसिमको आनन्द प्राप्त हुन्छ । यही आनन्द स्वरूपमा स्थायी भाव परिणत भएको हुन्छ । त्यसैले यस्तो अवस्थाको भाव नै रस हो । वास्तवमा भावको परिपाक अवस्थालाई रस भनिएको हो ।

११. बाढी पैह्रोका कारण उत्पन्न जनधनको विनाश प्रति चासो र चिन्ता व्यक्त गर्दै 'सम्पादकलाई चिठी' लेख्नुहोस् ।

अथवा ५

क्याम्पसको हातामा थुप्रिएका पुराना फर्निचर लिलामका निम्ति क्याम्पस प्रमुखका तर्फबाट निकालिने सार्वजनिक सूचनाको नमुना बनाउनुहोस् ।

१२. क्याम्पसमा मनाइएको मोती जयन्त्री समारोहको विवरण र आगामी कार्यक्रममा अपनाउनु पर्ने सुधारात्मक उपायहरू उल्लेख गरी प्रतिवेदन लेख्नुहोस् १०

१३. कुनै एक विषयमा ३०० शब्दसम्मको निबन्ध लेख्नुहोस् : १०

(क) पर्यटक हाम्रा पाहुना हुन्

(ख) नेपालको जलस्रोत

(ग) समयको महत्व

१४. कुनै दुई प्रश्नको सङ्क्षिप्त उत्तर दिनुहोस्: २×५=१०

(क) माधव घिमिरेको 'रात्री' कविताको मूल सन्देश के हो ?

(ख) भैरव अर्यालको 'वेटाउको' निबन्धमा के कस्तो व्यङ्ग्य पाइन्छ ?

(ग) 'एक रात' कथामा युवकको के कस्तो मनोद्वन्द्व पाइन्छ ?

१५. 'पुराणको हराएको पाना' मा मातृत्वको कुन रूप प्रस्तुत गरिएको छ ? विवेचना गर्नुहोस् ।

अथवा १०

'समानान्तर आकाश' उपन्यासमा नारी जीवनको के कस्ता पाता उद्घाटित भएका छन् ? विवेचना गर्नुहोस् ।

Question Bank Nepal

OLD COURSE

१. निम्नलिखित प्रश्नहरूको उत्तर लेख्नुहोस्: २×५=१०

(क) तलका वर्णलाई उच्चारणस्थान र प्राणत्वका आधारमा चिनाउनुहोस्:

च, ख, ड, थ, ल ।

अथवा

तलका शब्दहरूको अक्षर-संरचना देखाई तिनको सङ्ख्या पनि लेख्नुहोस्:

घाम, पानी, कोपिला, सरकार, वातावरण ।

(ख) तल दिइएको गद्यांशलाई शुद्ध गरी सार्नुहोस्:

मानब जिवन एति धेरै अनिस्चित् र रहश्यपुर्ण छ की यहा अनिश्चित भुगोल भित्र घटने कुनै कटना र काल प्रबाह मा आउने कुनै मानविए तरङ्ग को ज्ञान कसैलाई हुन्दैन ।

२. तल दिइएका प्रश्नहरूको उत्तर दिनुहोस्: ४×५=२०

(क) नामको परिचय दिँदै जातिवाचक र समुदायवाचक नामलाई सोदाहरण चिनाउनुहोस् ।

(क) कोष्ठकमा दिइएका शब्द/धातु र तत्सम्बन्धी सङ्केतका आधारमा तलका वाक्य पूरा गर्नुहोस् :

अ. हिजो दिनभरि घाम ..... । (लागू-पूर्ण भूत)

आ. दाजुले भाइलाई विद्यालय ..... । (पठाउ- सामान्य भूत)

इ. शिवानी कार्यालय ..... । (जा-अपूर्ण वर्तमान)

ई. यो ....... किताब हो । (म- सम्बन्ध कारक)

उ. तिमी कहिल्यै त्यहाँ ........ । (जा-आज्ञार्थ/अकरण)

ऊ. धनेलाई म ........ पैसा दिएको हुँ । (तिर्यक)

ए. हामी सधैँ असल .......। (बन् - इच्छार्थ)

ऐ. आज त ऊ निश्चय नै ..... । (आउ-सम्भावना/स्त्रीलिङ्ग)

ओ. आज हिमाल स्पष्ट रूपमा ..... । (देख,- पूर्ण वर्तमान/कर्मवाच्य)

औ. हिजो पनि रमाले खाना .... । (पकाउ - पूर्णभूत /अकरण)

(ग) तलका उपसर्ग र प्रत्ययबाट एक-एक शब्द बनाउनुहोस्:

उपसर्ग: बद, अनु, निर्, वि ।

प्रत्यय: औरो, आहा, इत, उक, क, एली ।

(घ)तलका शब्दको निर्माण-प्रक्रिया देखाउनुहोस् :

रोगग्रस्त, बाघजुंगे, यथाविधि, सान्नानी, जगन्नाथ, उद्योग, नमस्कार, वार्षिक, घरेलु, घुमाउरो ।

३. तलका प्रश्नको उत्तर लेख्नुहोस्: ४×५=२०

(क) अप्रेरणार्थक वाक्यलाई प्रेरणार्थक वाक्यमा परिवर्तन गर्ने नियमहरू के के छन् ? सोदाहरण लेख्नुहोस् ।

(ख)'ले' विभक्ति कुन कुन कारकमा लाग्छ ? सोदाहरण लेख्नुहोस् ।

(ग) तल दिएका वाक्यलाई कोष्ठकमा दिइएको सङ्केतका आधारमा परिवर्तन गर्नुहोस्:

अ. हामीले पुस्तक पढ्यौं । (एकवचन)

आ. ऊ आँप खाँदैन । (करण)

इ. तपाइँ कहिले आउनु भयो ? (अनादर)



Question Bank Nepal

ई. म त सुत्नुसम्म सुतेंछु । (भाववाच्य)

उ. 'म जान्न भनेपछि जान्न जान्न' भने च्याँट्टिदै हिंड्यो । (अप्रत्यक्ष कथन)

(घ) तलका वाक्यहरूलाई एउटै वाक्यमा संश्लेषण गर्नुहोस् :

अन्धकार व्याप्त मध्यरातको समय थियो । रमेश बाटामा एक्लै हिँडिरहेको थियो । रमेशले आफ्ना अगाडि एउथा बत्ती आफैं हिँडिरहेको देख्यो । रमेश तर्सियो । पछि उसले थाहा पायो- टपरीमाथि राखेको बत्तीलाई कालो कुकुरले तान्दै रहेछ ।

४. तलको गद्यांश पढी अन्त्यमा सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस्: ५+५+५=१५

साहित्यिक श्रेष्ठताको नाप जनतामा परेको प्रभाव र सर्वकालीन हृदयस्पर्शितामा निर्भर रहन्छ । नेपाली साहित्यको इतिहास हेर्दा हामीलाई त्यतिको प्रभावकारी र सर्वप्रिय रचनाहरू अरू जँच्चैन, जत्तिको भानुभक्त कविको नेपाली रामायण । धेरै यस रचनालाई हेलाँ पनि गर्छन् तर उनीहरू सम्झदैनन् - यो रचना आफ्नै हृदयको कवि नजिक छ ।

हामीहरू ज्यादाजसो साहित्यलाई खालि श्रृङ्गार देख्दछौँ, शब्दलाई फा लगाएको, लाली चढाएको, आधुनिकता निकालेको अथवा कालिदासको भैं उपमाहरूले झल्लरी - मल्लरी बनाएको, एउटा रङ्गिलो आडम्बर, एउटा रसगोले. माधुर्य अथवा संस्कृतको आडम्बर या खिँचातानी चमत्कार । हामी 'अलङ्कार- चन्द्रोदय' लाई साहित्य सम्झिन चाहन्छौं । हामी बौद्धिक र बोक्रे रूची देखाउँछौ । । हामीहरू अनुप्रासलाई किताप भन्दछौं र भडकलाई आधुनिकता । हाम्रो माग रूग्णको रूचिजस्तो छ । निस्सारमा हामी सार देख्दछौं हाम्रो बिसौं शताब्दी ज्यादाजसो कृत्रिमतामै रमाउँछ । हामी मुटु चाहँदैनौ, भुलभुलावतको जरूरत छैन, सच्चा हृदयको स्वदेशी सौन्दर्यको कदर गर्न सक्ने शक्तिको न्यूनता हामीहरूमा अरू सबै दोषभन्दा ज्यादा टड्कारो छ ।

(क) बोध प्रश्नहरू:

अ. साहित्यिक उच्चताको मापदण्ड के हो ?

आ. 'भानुभक्तिय रामायण' हाम्रो हृदयको नजिक छ भन्नुको तात्पर्य के हो?

इ. 'बिसौं शताब्दी कृत्रिमतामै रमाउँछ' भनेको के हो ?

ई.हामीमा देखिने कमी कमजोरी के के हुन् ?

उ. उपर्युक्त गद्यांशका लागि उपयुक्त शीर्षक के हुन सक्छ ?

(ख) बुँदाटिपोट:

माथिको गद्यांशबाट मुख्य मुख्य पाँच बुँदा टिप्नुहोस् ।

(ग) व्याकरण:

अ. 'सर्वप्रिय' र 'आडम्बर' शब्दलाई अर्थ खुल्ने गरी आफ्नै वाक्यमा प्रयोग गर्नुहोस् ।

आ. 'निस्सार' र 'कृत्रिमता' शब्दको अर्थ लेख्नुहोस् ।

इ. 'साहित्य' र 'बौद्धिक' शब्दको पदवर्ग लेख्नुहोस् ।

ई 'साहित्यिक' र 'आधुनिकता' शब्दको पदवर्ग परिवर्तन गर्नुहोस् ।

उ. पहिलो अनुच्छेदको अन्तिम वाक्य सरल, संयुक्त र मिश्र मध्ये कुनचाहिँ हो ?

५. तलका प्रश्नको उत्तर दिनुहोस् :

(क) कुनै एक विषयमा ३०० शब्दसम्मको निबन्ध लेख्नुहोस् : १०

अ. राष्ट्रप्रति मेरो दायित्व

आ. नेपालको सांस्कृतिक सम्पदा

Question Bank Nepal

इ. शिक्षा र रोजगारी.

(ख) क्याम्पसद्वारा हालै आयोजना गरिएको शैक्षिक भ्रमणको विवरणसहित एउटा प्रतिवेदन लेख्नुहोस् ।

६. तलका कुनै दुई प्रश्नको उत्तर दिनुहोस्: २×१०=२०

(क) 'सत्य सन्देश' कविताले के कस्तो सन्देश दिएको छ ?

(ख) 'गुनकेशरी' कथाकी नायिकाको चरित्र चित्रण गर्नुहोस् ।

(ग) 'कवि' निबन्धमा निबन्धकारले के कस्तो कवित्वको अपेक्षा गरेका छन् ?

(घ) 'अमरसिंह' नाटकका विशेषताहरू के के छन् ?

# 3. Major English I Paper (Eng. 311)

**Exam 2066**

Time: 3 hrs. Full Marks: 100

Attempt All the questions.

**Section "A"**

1. Explain any three from Critical Theory Today. [3×8=24]
   a. New Criticism: The text, itself, literary Language and Organic Unity.
   b. Psychoanalysis as the theory of unconscious and desire.
   c. Reader response theory.
   d. Deconstruction.
2. Read Great Gatsby from the perspective of Literary Theory. Answer any TWO.[2×10=20]
   a. Discuss Nick Carraway's role from structuralist perspective.
   b. Analyse the life of Jordan Baker, and Daisy from psychoanalytical theory.
   c. Gap and fissures in the life of Gatsby, (deconstructive reading)
3. Interpret the following text using one of given literary theories:
   Feminism, Structuralism, Reader response theory, Marxism. [16]

A Slumber did My Spirit Seal
(W.Wordsworth)
A slumber did my spirit seal
I had no human ears
She seemed a thing that could not feel
The touch of earthly years
No motion has she now, no force;
She neither hears nor sees:
Rolled a round in earth's diurnal course,
With rocks, and stones, and trees.

**Section "B"**

4. Discuss in detail the rhetorical strategies used by N. Machiavelli in his essay "The Qualities of the prince."He is noted primarily for using three types of rhetorical strategies.

Or [10]

Whitehead concentrated in some places on religion and science alike and in some other places on their distinction. On this basis describe notable strategies of Whitehead in "Religion and Science.".

5. Reading has to be a life long process and essentially reading is its own trward. How does this essay argue these points?
(V. Woolf: How Should One Read A Book) [15]
Discuss what you think Aristotle meant by the following terms: ijitation, unity, plot, discovery, suffering, pity and fear, spedtacle, hamartia, catharisis.
6. Machiavelli is cynical about human nature Is cynicism typical or necessary, in the politician? Explain using examples from history and/or the contemporary world of politics.

Or [15]

Question Bank Nepal